# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक २११ | काठमाडौं | सोमबार, १५ मंसिर २०८२ | Prabhab National Daily | Monday, 01 December 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# महाधिवेशन कार्यतालिकाको छिनोफानो मतदानबाटै गर्ने कांग्रेसको तयारी




■ प्रभाव संवाददाता

**काठमाडौं–** निरंकुश नेतृत्व भन्दै आरोप लागेको केपी शर्मा ओलीको दल नेकपा एमालेभित्र महाधिवेशनको शुरु भइसकेको छ । यही बेला आफूलाई लोकतन्त्रको हिमायती बताउँदै आएको नेपाली कांग्रेस भने महाधिवेशन कहिले गर्ने भन्ने विषयमा अन्योलमै देखिएको छ ।

महाधिवेशनको कार्यतालिका ल्याउने भन्दै कांग्रेसले केन्द्रीय समिति शुरु गरेको ५१ दिन पुग्न लागेको छ । तर अझै पनि महाधिवेशनको कार्यतालिका ल्याउन भने सकेको छैन । यो बीचमा कांग्रेसले फागुन २१ गतेको निर्वाचनमा भाग लिने निर्णय गऱ्यो । महाधिवेशन कार्यतालिकाको विषयमा भने रडाको कायमै छ ।

**महाधिवेशन कार्यतालिकाका लागि असोज २८ यता के के भए ?**

शुरुमा महामन्त्री गगन थापाले मंसिरको २७ - २९ मा महाधिवेशन गर्न सकिने कार्यतालिका ल्याएका थिए । केन्द्रीय कार्यसम्पादन समितिले आफ्नो प्रस्ताव स्विकार

- विशेष महाधिवेशन, निर्वाचनअघि नै नियमित महाधिवेशन वा निर्वाचनपछि नियमित महाधिवेशनबारे मतदानबाट छिनोफानो गर्ने तयारी
- हस्ताक्षर फिर्ता गरे पुस मसान्तभित्र महाधिवेशन गर्न संस्थापन तयार, ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिको हस्ताक्षर फिर्ता नलिने अडानमा महामन्त्री गगन थापा र विश्वप्रकाश शर्मा
- कांग्रेसको विधानको धारा ४३ अनुसार अहिलेको केन्द्रीय कार्यसमितिको अवधि ६ महिना थप्ने तयारी

नगरेको भन्दै थापाले असोज ३१ गते सामाजिक सञ्जालमार्फत यो कार्यतालिका सार्वजनिक गरेका थिए ।

पछि थापाले औपचारिक रूपमै केन्द्रीय समितिमा यो एजेन्डा बनाउन माग गरे । यही कारण केही दिन त गगनले केन्द्रीय समिति नै बहिस्कार गरेका थिए । त्यसपछि महामन्त्री थापाले कातिक १८ गते केन्द्रीय समितिमा औपचारिक प्रस्ताव ल्याए महाधिवेशनको । जसमा पुस १५ देखि १९ गतेसम्म नियमित महाधिवेशन गर्न सकिने प्रस्ताव पेश गरेका थिए । गगनले यो प्रस्ताव ल्याउने भएपछि संस्थापनइतरका नेता डा शेखर कोइरालासँगसमेत भेटेका थिए ।

गगनले कार्यतालिका ल्याउने भएपछि संस्थापन पक्षले यसलाई रोक्न सक्दो प्रयास गरे । तर शेखरको साथ लिएर गगन प्रस्तुत भएपछि संस्थापनले सहमहामन्त्री महेन्द्र यादवमार्फत बैशाखको कार्यतालिका प्रस्तुत गरे । यसलाई काउन्टर कार्यतालिकाको रूपमा हेरिएको छ । संस्थापन पक्षका सात भाइ यसमा सबैभन्दा बढी सक्रिय भए । उनीहरूको जोड छ - निर्वाचनअघि कुनै पनि हालतमा महाधिवेशन गर्न सकिन्न । उनीहरूले गगनकै कारण महाधिवेशन हुन नसक्ने दाबी पेश गर्दै आएका छन् ।

क्रमशः पृष्ठ २ मा

जेन-जी विद्रोहको असर

# दलबीच ध्रुवीकरण नेताहरूको अदलाबदली जारी

- आइतबारमात्रै राष्ट्रिय स्वतन्त्र पार्टी र विवेकशील साझा पार्टीबीच एकता
- घनश्याम भुसाल नेतृत्वको अभियान र चन्द्रदेव जोशी नेतृत्वको नेकपा (संयुक्त)बीच एकता भइसकेको छ
- कांग्रेस, एमाले र राप्रपाबाहेकका दलहरूमा जेन-जी विद्रोहपछि एकता र विभाजन
- माओवादीबाट अलग भएका शर्मासहितका नेताहरूले पूर्वप्रधानमन्त्री बाबुराम भट्टराई र रास्वपाबाट अलग भएका सन्तोष परियारसँग मिलेर प्रगतिशील लोकतान्त्रिक पार्टी बनाएका छन्




राष्ट्रिय स्वतन्त्र पार्टी र विवेकशील साझा पार्टीबीच आइतबार राजधानीको राष्ट्रिय सभागृहमा एकता हुँदै ।

■ जेबी योञ्जन

**काठमाडौं–** जेन-जी विद्रोहपछि राजनीतिक दलहरूमा एकता र विभाजनको शृंखला तीब्र रूपमा चलिरहेकै छ । यसबीचमा कांग्रेस, एमाले र राप्रपाबाहेकका सबै दलले एकता र विभाजन झेलेका छन् । केही दलका नेताले पार्टी नेतृत्व नै त्याग गरेका छन् । केहीले नयाँ दलसमेत खोलेका छन् ।

विगतमा सरकार निर्माण र ढाल्ने खेलले राजनीतिलाई अस्थिर बनाउँथ्यो । यतिबेला भने त्यस्तो छैन । तर, कुनै दलबाट अलग हुने र अर्को दलमा समाहित हुनेदेखि नयाँ दल गठनसम्मका राजनीतिक गतिविधि भइरहेका छन् । राजनीतिक कार्यदिशा मिलेका साना ठूला दलहरू चाहिँ ध्रुवीकृत भइरहेका छन् ।

आइतबारमात्रै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)मा विवेकशील साझा पार्टी समाहित भयो । देशमा वैकल्पिक राजनीतिको एक सूत्रधार शक्ति देखिएको विवेकशील कमजोर हुँदै गएको थियो । यस्तोमा रास्वपामा यो दल समाहित भएको हो । दलकी अध्यक्ष समीक्षा बास्कोटा हुन् । रास्वपा कार्यवाहक सभापति डोलप्रसाद अर्याल छन् । उनीहरूले पार्टीलाई आइतबार एकताबद्ध गरेका हुन् । राजनीतिशास्त्री डा. भेषराज घिमिरेको शब्दमा यो वैकल्पिक शक्ति केन्द्र निर्माणको पहलकदमी हो ।

नेकपा एकीकृत समाजवादी पार्टी पुनर्गठन अभियान र नेकपा (संयुक्त) बीच पनि एकता भएको छ । घनश्याम भुसाल नेतृत्वको अभियान र चन्द्रदेव जोशी नेतृत्वको नेकपा (संयुक्त)बीच एकता भएको हो । एकतापछि पूर्वमन्त्री जोशी सम्मानित नेता र घनश्याम भुसाल कार्यकारी अध्यक्ष बन्ने भएका छन् ।

उसो त अघिल्लो संसद्मा तेस्रो ठूलो शक्तिका रूपमा रहेको नेकपा माओवादी केन्द्रमा एकैसाथ विभाजन र एकता देखियो । एकीकृत समाजवादीसहितका दर्जनभन्दा बढी दलहरूबाट नेताहरूको ठूलो हिस्सा मिलेर पुष्पकमल दाहालको नेतृत्वमा नेपाल कम्युनिस्ट पार्टी गठन गर्ने निर्णय हुँदा माओवादीका केही पुराना नेता पार्टीबाट अलग भए ।

नेपाल कम्युनिस्ट पार्टी १४ वटा दल र थप केही समूह मिलेर गठन भएको नेता देवेन्द्र पौडेलले बताए । अझै केही शक्तिसँग एकता प्रक्रिया अगाडि बढाउनेबारे छलफल भइरहेको उनको भनाइ छ । उनले प्रभावसँग भने, 'हामीले धनगढीबाट एकतासभा गरिसक्यौं । देशका अन्य प्रदेश राजधानीहरूमा पनि गर्छौं, हामी वामपन्थ र प्रगतिशीलहरूलाई जोड्दै अघि बढ्छौं र अहिले पनि केही दलसम्म संवाद भइरहेको छ ।'

माओवादीको परम्परागत संठनमा पकड भएको भनिएका जनार्दन शर्मा र सुदन किरातीसहितका नेताहरू भने एकताप्रति असन्तुष्टि जनाउँदै पार्टीबाट अलग भए । तर, पार्टीबाट अलग भएका नेताहरूबाट भएको क्षतिबारे अहिल्यै भन्न नसकिने उनले बताए ।

'पार्टीबाट कोही न कोही नेता अलग भए असर त परिहाल्छ । क्षति केही मात्रामा हुन्छ तर कति क्षति पुऱ्याउन सक्छ ? त्यो तल्ला कमिटीबाट रिपोर्ट आएपछि भन्न सकिन्छ,' पौडेलले भने ।

क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

# जापानमा कार्यस्थलमा हुने दुर्घटनाबाट घाइते र मृत्यु हुनेको संख्या बढ्दो

■ प्रभाव संवाददाता

**काठमाडौं** –जापानमा कार्यस्थलमा हुने दुर्घटनाबाट घाइते हुने र मृत्यु हुने विदेशी कामदारको संख्या वृद्धि भएको देखिएको छ । जापानको सरकारी तथ्याङ्कअनुसार सन् २०२४ मा पहिलोपटक यस्तो दुर्घटनाको संख्या छ हजार नाघेको हो ।

त्यहाँको स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालयको रिपोर्टअनुसार सन् २०१९ यता यो संख्या वर्षेनी बढ्दै आएको छ । २०१९ अघि यस्तो संख्या ४ हजारभन्दा कम थियो । सुरक्षा प्रशिक्षण पर्याप्त नहुनु र सञ्चार तथा समन्वयको अभावले समस्या देखिएको मन्त्रालयका अधिकारीहरूले बताएका छन् ।

मन्त्रालयका अनुसार सन् २०२४ मा जापानमा रहेका करिब २३ लाख विदेशी कामदारमध्ये ६ हजार २४४ गम्भीर रूपमा घाइते भएका छन् । यस्ता घाइतेहरू चार दिनभन्दा बढी बिदा आवश्यक पर्नेहरू रहेको जनाइएको छ । दुर्घटनाबाट ३९ जनाको मृत्यु भएको तथ्याङ्क छ । दुर्घटनाको सूचीमा दीर्घकालीनदेखि स्थायी बासिन्दा र



> मन्त्रालयका अनुसार सन् २०२४ मा जापानमा रहेका करिब २३ लाख विदेशी कामदारमध्ये ६ हजार २४४ गम्भीर रूपमा घाइते भएका छन् । यो अवधिमा दुर्घटनामा परेका ३९ जनाको मृत्यु भएको तथ्याङ्कमा उल्लेख

जापानी नागरिकको दम्पत्तीको संख्या दुई हजार २८३ रहेको छ । जापानको प्राविधिक इन्टर्नसिप कार्यक्रम अन्तर्गत गएकाहरू एक हजार ८७४ जना छन् । त्यस्तै ८१० जना सीपयुक्त कामदारहरू रहेको जनाइएको छ ।

जापानले विकासशील राष्ट्रहरूका कामदारको सीप विकासका लागि भन्दै १९९३ देखि प्राविधिक इन्टर्नसीप तालिम कार्यक्रम सञ्चालन गरेको छ । तर उक्त कार्यक्रमले सस्तो कामदार भित्र्याएको भन्दै आलोचना हुने गरेको छ ।

यस्ता घटनामा भियतनामीहरू सबैभन्दा बढी एक हजार ५९४, फिलिपिन्सका ८७८ र इन्डोनेसियाली ७५७ जना र ब्राजिलियन ६७३ जना छन् । श्रम मन्त्रालयले प्रति एक हजार विदेशी कामदारमा हुने दुर्घटना दरलाई न्यूनीकरण गर्ने लक्ष्य राखेको छ । सन् २०२७सम्म सञ्चालनमा रहेकामध्ये कम्तीमा आधा कार्यस्थलमा दुर्घटना रोकथाम तालिम प्रदान गर्ने योजना बनाएको छ ।

विज्ञहरूले दुर्घटनाको जोखिममा खतरनाक मानिने काममा आवद्ध प्राविधिक इन्टर्न र दक्ष कामदार रहेको बताएका छन् । उनीहरूलाई जापनिज भाषाको यथेष्ठ ज्ञान बिना ल्याउने गरिएकाले समस्या भएको विज्ञले औंल्याएका छन् । जापानले नेपालबाट समेत प्राविधिक इन्टर्नसिप अन्तर्गत कामदार लैजाने गरेको छ । गत आर्थिक वर्षमा २३ हजार ७१ जना श्रम स्वीकृति लिएर जापान गएका थिए । त्यस्तै, २०८०/८१मा १३ हजार ८६४ जनाश्रम स्वीकृति लिएर जापान गएको तथ्याङ्क छ ।

# शुल्क वृद्धिविरूद्ध संघ गृहमा, आज श्रममा छलफल



■ प्रभाव संवाददाता

**काठमाडौं** –नेपाल वैदेशिक रोजगार व्यवसायी संघले स्वास्थ्य परीक्षणमा भएको शुल्क वृद्धिको विरुद्धमा गृह मन्त्रालयको समेत ध्यानाकर्षण गराएको छ । आइतवार गृहमन्त्री ओमप्रकाश अर्याललाई भेटेर यस विषयमा ध्यानाकर्षण गराउँदै पत्र बुझाएको संघका महासचिव महेश बस्नेतले बताए ।

संघले रोजगारीमा जाने कामदारको स्वास्थ्य परस्क्षणमा अचानक ठूलो अनुपातमा गरिएको शुल्क वृद्धि अनावश्यक र अस्वस्थ प्रतिस्पर्धाको उपज भएको जनाएको छ । व्यवसायीको पत्र बुझ्दै मन्त्री अर्यालले यस विषय अध्ययन गर्ने बताएको जनाइएको छ । संघले गत शुक्रवार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र स्वास्थ्य मन्त्रालयलाई पनि पत्र बुझाएको थियो ।

संघले आफ्नो अध्ययनमा कुनै पनि मुलुकले ३४ प्रकारको मेडिकल अनिवार्य नगरेको जनाएको छ । जिसिसिका मुलुकहरूले मेडिकल गर्दै आएको गाम्काबाट मेडिकल गरेर जाने श्रमिक फर्किएर आएको घटना न्यून रहेको संघको दाबी छ । मलेसियाको हकमा भने स्वास्थ्य परीक्षणमा फेल भएर फर्कने घटना बढी देखिएकाले शुल्क वृद्धिभन्दा पनि परीक्षणलाई व्यवस्थित बनाउने पर्ने संघको माग छ ।

गृहमन्त्रीसँगको भेटमा जिल्ला प्रशासन कार्यालयले श्रमिकको उद्धार गर्ने, नेपाल फर्काउने नाममा व्यवसायीलाई समस्या दुःख दिने गतिविधि गरेकाले यसलाई रोक्न र जेन-जी आन्दोलनपछि गन्तव्य मुलुक सामु विश्वास गुमेको अवस्थामा विश्वसनीय वातावरण निर्माण गर्न भूमिका खेल्नसमेत ध्यानाकर्षण गराएको जनाएको छ ।

शुल्कवृद्धिको विषय विवादास्पद बनेसँगै श्रम मन्त्रालयले मेनपावर व्यवसायी, मेडिकल व्यवसायी र सरोकालवाला पक्षलाई आज छलफलमा बोलाएको छ ।

## पृष्ठ १ बाट क्रमशः

### दलबीच...

माओवादीबाट अलग भएका शर्मासहितका नेताहरूले पूर्वप्रधानमन्त्री बाबुराम भट्टराई र रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टीबाट अलग भएका सन्तोष परियारसँग मिलेर प्रगतिशील लोकतान्त्रिक पार्टी बनाएका छन्। यहाँ वामपन्थी, प्रगतिशील र लोकतान्त्रिक धाराका शक्तिहरूको सम्मिलन देखिएको राजनीतिशास्त्री डा. घिमिरे बताउँछन्। उनका अनुसार यस्तो दललाई राजनीतिक दर्शन, कार्यदिशा, कार्यक्रम तयार गरेर अघि बढ्न सकस हुन्छ।

दलबाट अलग हुनेमा रास्वपाबाट सहमहामन्त्री सुमना श्रेष्ठ र प्रमुख सचेतक सन्तोष परियार हुन्। सुमन अहिलेसम्म कुनै दलमा खुलेकी छैनन्। परियार भने प्रगतिशील लोकतान्त्रिक पार्टीका नेता भइसके। दलका केही प्रदेश अध्यक्ष, विभागीय प्रमुखहरू धमाधम अलग भइरहेका छन्।

पूर्वसांसद डा. तोसिमा कार्कीसहितका केही नेताहरू पनि पार्टीबाट अलग हुन खोजिरहेको चर्चा हुन थालेको छ। रास्वपा भने ७ असार २०७९ मा हाल सहकारी ठगी आरोपमा पुर्पक्षका लागि थुनामा पुगेका पूर्वसञ्चारकर्मी रवि लामिछानेले स्थापना गरेका हुन्। लामिछाने खुला राजनीतिमा नहुँदा पार्टीमा विग्रह र एकता दुवै भइरहेको छ।

एकताकै लागि काठमाडौं महानगरका मेयर बालेन शाह र ऊर्जामन्त्री कुलमान घिसिङलाई पनि पार्टीमा भित्र्याउने प्रयासमा रास्वपा नेताहरू जुटेका छन्। तर, हाल घिसिङ संरक्षक रहेको उज्यालो नेपाल पार्टी स्थापित छ। शाहको समर्थन कुन दललाई छ भन्ने स्पष्ट खुलेको छैन। तर, उनी रास्वपामा जान सक्ने विगतदेखि नै चल्दै आएको चर्चा हो।

शुक्रबार मात्रै पूर्वप्रहरी अतिरिक्त महानिरीक्षक विश्व पोखरेल रास्वपा प्रवेश गरेका थिए।

साना नयाँ दलहरू भने जेन-जी विद्रोहपछि छिन्नभिन्न भएका छन्। गत चुनावबाट मधेशबाट राजनीतिमा उदाएको दल जनमत पार्टी टुक्राटुक्रा भएको छ। उपाध्यक्ष दीपक साहले जनस्वराज पार्टी खोलेका छन्। अर्का उपाध्यक्ष अब्दुल खान नागरिक उन्मुक्ति पार्टी गए। नेता वीपी साहलगायत पार्टीमा छैनन्। अध्यक्ष डा. सिके राउतको कार्यशैलीप्रति विमती जनाउनेहरू पार्टीबाट अलग भए।

पश्चिम तराईबाट राष्ट्रिय शक्ति बनेको नयाँ दल नागरिक उन्मुक्ति पार्टी पनि एकताबद्ध रहन सकेन। अध्यक्ष रञ्जिता श्रेष्ठ चौधरी र संरक्षक रेशमलाल चौधरीबीचको बिग्रिएको पारिवारीक तथा राजनीतिक सम्बन्धले पार्टी एकताबद्ध हुन नसकेको हो। यसपछि रेशमलालले पार्टीको नाममा नेपाल थपेर स्थापना गरेका छन्।

यहीबीच मधेशकेन्द्रित राजनीतिक दलहरू जसपा नेपाल, जनमन पार्टी, राष्ट्रिय मुक्ति पार्टीलगायतले चुनावी तालमेलका लागि सहकार्य गर्नेबारे छलफलमा छन्। यसलाई ध्रुवीकरणको प्रारम्भिक कदमको रूपमा अर्थ्याइने गरिएको छ।

■■■

### महाधिवेशन...

क्रियाशील व्यवस्थापन समितिका संयोजक गगन हुन्। महाधिवेशनका लागि क्रियाशील विवादको टुंगो लाग्नुपर्छ। तर कांग्रेसमा यो विवाद दीर्घरोगका रूपमा स्थापित भइसकेको छ। पटकपटक म्याद थप्दा पनि क्रियाशील सदस्यता टुंगोमा नपुग्नु संस्थापनकै असहयोग भएको गगन पक्षको दाबी छ। संस्थापनको यो पारा देखेर २७ जना गगनकै कित्तातिर उभिन पुगिसकेका छन्। उनीहरूको माग हो निर्वाचनअघि नै महाधिवेशन।

यति गर्दा पनि कांग्रेस संस्थापनले गगनको मुद्दाको सुनुवाई गर्ने छाँट देखाएका छन्। आफ्नो मागको कुनै सुनुवाई गर्ने छनक नदेखेर होला, गगनले केन्द्रीय समितिमा कातिक २७ गते लामो सम्बोधन गर्दै अब विशेष महाधिवेशनको विकल्प नभएको अडानमा फर्किएका छन्। कारण १६७ सदस्यीय केन्द्रीय समितिमा २७ जना गगनको कित्तामा उभिँदा पनि यो पक्ष बलियो हुन सकेको छैन।

#### महाधिवेशन निर्वाचनअघि कि पछि ?

यो निक्यौंल गर्न कांग्रेस केन्द्रीय समितिले मतदान गर्ने तयारी गरेको छ। यसका लागि सबैभन्दा पहिले विशेष महाधिवेशनका लागि गरिएका ५४ प्रतिशत हस्ताक्षरको सनाखत गर्ने तयारी छ।

सनाखत गर्दा पक्ष र विपक्षमा एक्स्पोज हुने र पार्टीमा फुट आउने भन्दै सक्दो सहमतिमै जाने दुबै पक्षले भरपुर प्रयास गरिरहेको बताइएको छ। यसो गर्दा धेरैले हस्ताक्षर फिर्ता गर्ने दाबी संस्थापन पक्षको छ। तर हस्ताक्षर अभियानमा अगुवाई गरेका गुरु घिमिरे भने आफूहरू सनाखत गर्न तयार रहेको बताउँछन्। 'कसैको हस्ताक्षर फर्जी छैन। पार्टीका साथीहरूलाई नक्कली हस्ताक्षर भन्न पाइँदैन। फर्जी हस्ताक्षर एउटा निकाल्नुस् त,' घिमिरेले चुनौती दिएका छन्। आइतबार साँझ एक वक्तव्य जारी गर्दै विशेष महाधिवेशन पक्षधरले कुनै पनि हालतमा हस्ताक्षर फिर्ता नहुने जनाएको छ। २७ जिल्लाका जिल्ला सभापतिले जारी गरेको वक्तव्यमा कुनै पनि हालतमा अब विशेष महाधिवेशन गर्नुपर्ने माग गरिएको छ।

उक्त विषय टुंगोमा लागेपछि निर्वाचनअघि वा पछि महाधिवेशन गर्ने तयारीमा कांग्रेस पुग्ने संस्थापन पक्षका एक पदाधिकारीले बताए। 'भोटिङमा जाने तयारी छ। यो भनेको नियमित तर निर्वाचनपछि महाधिवेशन गर्ने भन्ने नै हो,' ती पदाधिकारीले भने।

विधानअनुसार कांग्रेसको १४औं महाधिवेशनको पदावाधि मंसिर मसान्तसम्म मात्र हो। त्यसपछि असाधारण स्थितिमा वर्ष दिन म्याद थप्न पाउँछन्। कांग्रेसको विधानको धारा ४३ मा यसबारे व्यवस्था गरिएको छ। 'पार्टीको सबै तह र निकायका पदाधिकारी तथा सदस्यहरूको पदावधि चार वर्षको हुनेछ। असाधारण स्थिति भएमा केन्द्रीय कार्यसमितिले सोको कारण खोली बढीमा एक वर्षसम्मको अवधि बढाउन सक्नेछ,' धारा ४३ मा भनिएको छ। यही धारा बमोजिम कांग्रेस केन्द्रीय समितिले ६ महिनाको पदावधि थप्ने र बैशाखमा महाधिवेशन गर्ने निचोडमा पुग्ने तयारी गरिरहेको छ।

# प्रभु बैङ्कका सिइओ शेरचन पक्राउ

**काठमाडौं (प्रस)–** प्रहरीले प्रभु बैङ्कका प्रमुख कार्यकारी अधिकृत (सिइओ) अशोक शेरचनलाई पक्राउ गरेको छ। प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)ले बैङ्किङ कसुरको आरोपमा शेरचनलाई आज पक्राउ गरेको प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक शिव श्रेष्ठले जानकारी दिए। रु ९८ करोड ठगीबारे प्रभु म्यानेजमेन्टकी अध्यक्ष कुसुम लामाले दिएको जाहेरीको विषयमा सिआइबीले अनुसन्धान अगाडि बढाएको छ।

सिआइबीले यसअघि गत कात्तिक २२ गते बैङ्कको बिजुलीबजारस्थित केन्द्रीय कार्यालयमा छापा मारेर महत्वपूर्ण कागजात नियन्त्रणमा लिएको थियो। त्यसैगरी सिआइबीले गत कात्तिक ११ गते प्रभु समूहका अध्यक्ष तथा नेपाल कम्युनिष्ट पार्टी (एमाले) का पूर्वसांसद देवीप्रकाश भट्टचनलाई पक्राउ गरेको थियो। भट्टचनमाथि अनुसन्धानका क्रममा बैङ्कका सिइओ शेरचनलाई नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ। भट्टचनविरुद्ध रु ९८ करोड ठगी गरेको आरोप लागेको छ।

## क्रिप्टो मुद्दाको कारोबारमा संलग्न दुई जना पक्राउ

**काठमाडौं (प्रस)–** जिल्ला प्रहरी परिसर काठमाडौंको टोलीले रु ७४ लाख ५२ हजार अभौतिक मुद्रा (क्रिप्टो मुद्रा) को कारोबारमा संलग्न रहेको अभियोगमा दुई जनालाई पक्राउ गरी आज सार्वजनिक गरेको छ।

पक्राउ पर्नेमा काठमाडौँ महानगरपालिका-१४ का ३६ वर्षीय विशाल डङ्गोल तथा मोरङको मिक्लाजुङ गाउँपालिका-१ घर भई हाल काठमाडौँ महानगरपालिका-१४ कलङ्की बस्ने ४५ वर्षीय उमेश श्रेष्ठ रहेका जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता एवं प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले जानकारी दिए। उनका अनुसार शनिबार काठमाडौँ महानगरपालिका-१० बिजुली बजारस्थित केही व्यक्तिले क्रिप्टो मुद्राको कारोबार गरिरहेको सूचनाका आधारमा जिल्ला प्रहरी परिसरबाट खटिएको टोलीले उनीहरूलाई पक्राउ गरेको हो।

प्रहरीले उनीहरूका साथबाट क्रिप्टो मुद्राको कारोबार गर्न प्रयोग भएको विभिन्न कम्पनीका मोबाइल फोन पाँच थान बरामद गरेको छ। पक्राउ परेकाहरूले क्रिप्टो मुद्रा कारोबार गरेको देखिएकाले निजहरू उपर अभौतिक मुद्राको प्रयोग गर्न नहुनेसम्बन्धी कसुरमा थप अनुसन्धान भइरहेको प्रवक्ता भट्टराईले बताए।

## बिचौलियाको काम गर्ने तीन जना पक्राउ

**काठमाडौं (प्रस)–** राहदानी बनाई दिने भन्दै बिचौलियाको काम गर्ने तीन जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेमा बझाङको बित्थडचिर गाउँपालिका-६ घर भई हाल काठमाडौँ कीर्तिपुर बस्ने १९ वर्षीय हेमन्तसिंह ओखेडा, काठमाडौँ महानगरपालिका-१८ बस्ने ४५ वर्षीय मनराज श्रेष्ठ तथा प्यूठानको प्यूठान नगरपालिका बस्ने ३० वर्षीय दीपेश केएम रहेका काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक काजीकुमार आचार्यले जानकारी दिए।

राहदानी विभाग त्रिपुरेश्वरको मूलगेटबाहिर सेवाग्राहीलाई राहदानी छिटोछरितो बनाइदिने भन्दै विभिन्न प्रलोभन देखाई अतिरिक्त रकम लिई दुःख हैरानी दिने तथा राहदानी विभागका कर्मचारीको कामकारबाहीमा अवरोध पुऱ्याउने कार्य गरेको पाइएकाले तीनै जनालाई पक्राउ गरिएको प्रवक्ता आचार्यले बताए।


**युएइमा रोजगार** कम्पनी : LOVILUX LADIES BEAUTY SALON

पूर्व स्वीकृति मिति : २०८२/०८/१४ | LT. No. 334126 | चलानी नं. ६०२४८००५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Dresser/hair Stylist | 0 | 1 | 1500 | ५४,३९५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Manicurist/nail Technician | 0 | 2 | 1500 | ५४,३९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ मंसिर २२ गते (8th Dec. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Govt.Lic. No 1726/081/082
S.N.K. FACILITIES MANAGEMENT PVT. LTD.
Bafal-13, Kathmandu, Nepal, T: 01-5922923
Mob: 9851049837, 9860603888/ 9802378893, Email:- snkhrc@gmail.com, Web: www.snkmanpower.com



**युएइमा रोजगार** कम्पनी : MBM GULF INTERIORS L.L.C

पूर्व स्वीकृति मिति : २०८१/०७/०२ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/१४ | LT. No. 312395 | चलानी नं. ६०२२६८५४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Air Conditioning Mechanic Asst. | 20 | 0 | 1200 | ४६,६२५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Assistant Tile Layer | 30 | 0 | 1200 | ४६,६२५ | | | | | | | |
| 3 | Electrical Assistant | 10 | 0 | 1200 | ४६,६२५ | | | | | | | |
| 4 | Assistant | 7 | 0 | 1200 | ४६,६२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: राम जानकी ट्रेनिङ सेन्टर, जनकपुर, धनुषामा मिति: २०८२ मंसिर २२ गते (8th Dec. 2025) मा हुनेछ।
सुनसरी मल्टिपल ट्रेनिङ सेन्टर, इटहरी, सुनसरीमा मिति: २०८२ मंसिर २३ गते (9th Dec. 2025) मा हुनेछ।
त्रिसा ट्रेनिङ सेन्टर, जनकपुर, धनुषामा मिति: २०८२ मंसिर २५ गते (11th Dec. 2025) मा हुनेछ।
बुट्वल मल्टिपल ट्रेनिङ, बुट्वल, रुपन्देहीमा मिति: २०८२ मंसिर २६ गते (12th Dec. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

HAMDAN GLOBAL PVT. LTD.
Sinamangal - 9, Kathmandu (Opposite of Hope hospital), Tel: +977 1 5915082 / 83
Email: hamdanglobalnepal@gmail.com, Web: www.hamdanglobal.com
License No. : 1563/079/080


## भोजपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### भोजपुर, कोशी प्रदेश, नेपाल

### वोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः २०८२/०८/१५**

भोजपुर नगरकार्यपालिकाको कार्यालय, भोजपुरद्वारा मिति २०८२/०७/०२ गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना वमोजिम पर्न आएका बोलपत्रहरुको मूल्याङ्कन गर्दा न्यूनत्तम मूल्याङ्कित तपसिल बमोजिमको वोलपत्र सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ (१) वमोजिम सम्बन्धित सवै वोलपत्रदाताहरुको जानकारीको लागि वोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र. स. | ठेक्का नं. | योजनाको नाम | फर्मको नाम | कवोल अंक (भ्याट बाहेक) | घटी प्रतिशत |
|---|---|---|---|---|---|
| 1 | BHJMUN/W/NCB/11-2082/83 | Construction of Ward Office Building work Bhojpur Municipality Ward No. 2 and 5, Bhojpur | Star Construction, Bhojpur | 1,19,11,340.72 | 30.16 |

**प्रमुख प्रशासकीय अधिकृत**

**सच्याइएको**

यस प्रभाव दैनिकको वर्ष १२ अंक २०९ मंसिर १३ गते २०८२ मा प्रकाशित GRAND SHIKHAR OVERSEAS PVT LTD को Lot No. 334519 को AL MANDOOS CLEANING SERVICE LLC BRANCH कम्पनीमा कामदारको पद Cleaner General पुरुष १० र महिला ३ हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको व्यहोरा अनुरोध छ।

GRAND SHIKHAR OVERSEAS PVT LTD
Govt. License 756/064/65 Lazimpat, Kathmandu, Tel: +977-1-4516940, Kohalpur Branch Office Tel: 081-535558, Web: gso@grandshikhar.com

**मोटरसाइकल हराएको सूचना**

मिति २०८२।०८।१० गते रौतहट जिल्ला, गरूडा न.पा. वडा नं.५ झाझपुल चोक अगाडि पार्किङ गरिराखेको कालो रङ्को होण्डा साइन १२५ सि.सि. मोटरसाइकल साँझको अन्दाजी ४:०० बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु।

**धनीको नाम : शिरध्वज कुमार साह**
**बाइक नं.: म.प्र. ०३-०२४ प ६५७७**
**च्यासिस नं.: ME4JC65ADNG003325**
**इन्जिन नं. : JC65EG0253306**
**ठेगाना : रौतहट, गरुडा न.पा वडा नं.१**
**सम्पर्क नं. ९८४१५४५२१४**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मितिः २०७५/०५/२० मा दर्ता भएको प्रा.लि.नं. १९८०११ को **बेस प्रिन्टर्स प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०८/०१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**धुलिखेल माउन्टेन रिसोर्टको वातावरणीय प्रभाव मुल्याङ्कनको सार्वजनिक सूनुवाईको सूचना**

**प्रथम पटक प्रकाशित मिती : २०८२/०८/१५**

बागमती प्रदेशको, काभ्रेपलाञ्चोक जिल्ला, पाचँखाल नगरपालिका वडा नं. ०५, खावामा धुलिखेल माउन्टेन रिसोर्ट प्रा.लि. द्वारा सञ्चालनमा रहेको धुलिखेल माउन्टेन रिसोर्टको क्षमता वृद्धि गरी कूल ८२ कोठा र १७० शय्या क्षमतामा रिसोर्टको थप निर्माण तथा सञ्चालन गर्नको लागि वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ को प्रावधान अनुसार वातावरणीय प्रभाव मुल्याङ्कन गर्ने क्रममा वातावरण संरक्षण नियमावली, २०७७ नियम (६) को प्रावधानमा व्यवस्था भए बमोजिम सार्वजनिक सूनुवाईको लागि यो सूचना प्रकाशित गरिएको हो। उक्त आयोजनाको वातावरणीय प्रभाव मुल्याङ्कन प्रतिवेदन तयार गर्दै गर्दा प्रतिवेदन स्वीकृतिको क्रममा वातावरणीय सवालबारे सुझाव सङ्कलन गर्नुपर्ने भएकाले स्थानीय समुदाय तथा सरोकारवालाहरु र प्रस्तावकको प्रतिनिधि बीच सार्वजनिक सुनुवाई निम्न मिति, समय र स्थानमा हुने भएकोले सम्बन्धित सबै सरोकारवाला महानुभावहरुको सक्रिय सहभागिताको लागि अनुरोध गरिन्छ।

**सार्वजनिक सुनवाई हुने मिती, समय र स्थान**
मितिः २०८२/०८ /२४ गते, बुधवार, समयः बिहान ११ बजे
स्थानः धुलिखेल माउन्टेन रिसोर्ट , पाचँखाल न. पा.-०५, खावा
आयोजक : धुलिखेल माउन्टेन रिसोर्ट प्रा. लि.

## नाम्खा गाउँपालिका
༄༅།། ནམ་མཁའ་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།།
## गाउँ कार्यपालिकाको कार्यालय
### याल्वाङ, हुम्ला
### कर्णाली प्रदेश, नेपाल

## Invitation for Electronic Bids

**Date of Publication: 2025-12-1 A.D (2082/08/15 B.S)**

The Namkha Rural Municipality,Yalbang, Humla invites electronics bids for the listed below as specified in Public Procurement Act,2063 and Public Procurement Regulations.2064. The interested bidders may obtain further information and inspect the bidding documents at PPMO egp system www.bolpatra.gov.np/egp.

| S.N. | Contract No. | Description of Works | Estimated Cost (Inclusive of Vat and PS ) | Bid Security Amount Nrs. | Cost of Bidding Documents Nrs. | Last date of Purchase | Last date of Bid submission | Bid Opening Date and time |
|---|---|---|---|---|---|---|---|---|
| 1. | NRM/HUMLA/NCB/01/2082-2083 | JULA SAMUDHAHIK BHAWAN NIRMAN | 1,04,31,993.82 | 2,55,000.00 | 3,000.00 | 2026-1-2 12:00 | 2026-1-2 12:00 | 2026-1-2 14:30 |
| 2 | NRM/HUMLA/NCB/02/2082-2083 | COLDSTORE BUILDING MANAGEMENTAND MAINTTENANCE WORKS | 54,09,726.33 | 1,35,000.00 | 3,000.00 | 2026-1-2 12:00 | 2026-1-2 12:00 | 2026-1-2 14:30 |
| 3 | NRM/HUMLA/NCB/03/2082-2083 | KARMACHARI AWASIYE BHAWAN NIRMAN | 92,59,999.20 | 2,35,000.00 | 3,000.00 | 2026-1-2 12:00 | 2026-1-2 12:00 | 2026-1-2 14:30 |

**Chief Administrative Officer**

# आफन्त र नाताबाटै बढी यौनजन्य हिंसामा महिला

**काठमाडौं–** नेपाल प्रहरीको तथ्याङ्कले आफन्त र नाता पर्नेहरूबाटै महिला बढी हिंसामा पर्ने गरेका देखिएको छ । प्रहरी प्रधान कार्यालयले महिला हिंसाविरुद्धको १६ दिने अभियानका क्रममा आज वार्षिक तथ्यपत्र सार्वजनिक गर्दै उक्त जानकारी दिएको हो ।

नेपाल प्रहरीको अपराध अनुसन्धान विभागकी प्रहरी उपरीक्षक बसुन्धरा खड्काले ९१ प्रतिशत यौनजन्य हिंसा आफन्त र नातेदारबाटै भएको पाइएको तथ्यपत्रबारे प्रस्तुतीकरण दिइन् । खड्काले घरेलु हिंसाको दर पनि अत्याधिक रहेकाले आफैं र घरपरिवारबाट सुधार हुन जरुरी रहेकामा जोड दिइन् ।

प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, महिला बालबालिका तथा ज्येष्ठ नागरिक निर्देशनालयद्वारा आइतबार प्रधान कार्यालय नक्सालमा आयोजित कार्यक्रममा नेपाल प्रहरीका महानिरीक्षक दानबहादुर कार्कीले हिंसाका घटना बढ्नुका साथै अझै उजुरी दिने क्रम पनि बढेको बताए । पहिले महिलाहरू हिंसा लुकाएर राख्ने गरेकामा विस्तारै खुल्दै गएकाले पनि हिंसाका उजुरी बढिरहेको कार्कीले बताए । यो तथ्याङ्कले अझै पनि सामूहिक प्रयासमार्फत हिंसा न्यूनीकरणमा लाग्न हामी सबै एकजुट हुनुपर्छ भन्ने देखाएको कार्कीको भनाइ छ ।

महानिरीक्षक कार्कीले अनुसन्धान र कारबाही जारी रहे पनि अपराधका घटनाको गति नरोकिएकामा चिन्ता प्रकट गर्दै त्यसतर्फ हामी सबैले प्रयास गर्नुपर्नेमा जोड दिए । 'पढेलेखेकै मान्छेमाथि र पढेलेखेकै मान्छेबाट हिंसाका घटना भइरहेका छन्, त्यसैले शिक्षा प्रणालीमा सभ्यताको विषयसम्बन्धी पाठ्यसामग्री राख्न जरुरी देखिएको छ, यसतर्फ सम्बन्धित निकायले ध्यान दिनुपर्छ', कार्कीले भने ।

विभागकी प्रहरी उपरीक्षक खड्काले सूचना प्रविधिको विकाससँगै हिंसाका घटनामा बढोत्तरी भएको उल्लेख गर्दै यसलाई रोक्न प्रहरी एक्लैले नसक्ने धारणा राखिन् । आर्थिक समस्या र परनिर्भरताका कारण अझै पनि महिला प्रहरीमा उजुरी दिन डराइरहेकोतर्फ सबै सचेत हुनुपर्नेमा खड्काको जोड थियो । प्रहरी उपरीक्षक खड्काले हिंसा रोक्न र भइहाले न्याय दिलाउन समाज, व्यक्ति, राजनीतिक दल, सरोकार भएका निकायलगायत सङ्घसंस्थाको सहकार्य र समन्वयको खाँचो औंल्याइन् । अहिले प्रहरीले देशभरका २६० युनिटबाट महिला, बालबालिका तथा ज्येष्ठ नागरिकसम्बन्धी सेवा प्रदान गरिरहेको उनले जानकारी दिइन् ।

कार्यक्रममा स्वास्थ्य सेवा विभागकी उपसचिव कविता अर्यालले महिला हिंसाबाट कुनै प्रदेश र कुनै उमेर समूह अछुतो नरहेको बताउँदै नातागोताबाटै हिंसा हुनु अति चुनौतीपूर्ण विषय भएको उल्लेख गरिन् । अहिले पनि २८ प्रतिशत मात्रै पीडित महिला 'हिंसा भयो' भनेर मद्दत माग्न आउने गरेका जनाउँदै उनले बाँकी समाजमा लुकेर रहनु डरलाग्दो विषय भएको बताइन् ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका उपसचिव मिलन भट्टराईले अभियानका रूपमा नभइ हिंसारहित समाज निर्माणका लागि आवश्यक सहकार्य र समन्वय हुनुपर्नेमा जोड दिँदै न्यायको पहिलो ढोका प्रहरी भएकाले प्रहरीको भूमिका बढाउनुपर्ने उल्लेख गरे ।

गृह मन्त्रालयकी उपसचिव मीना अर्यालले महिलामाथि हुने हिंसा बढिरहेका भन्दै समीक्षा गरी न्यूनीकरणमा लाग्न सबैमा आग्रह गरिन् । प्रविधिले थप चुनौती थपिरहेको उल्लेख गर्दै उहाँले आवश्यक रणनीति बनाएर अघि बढ्न जरुरी रहेको बताइन् ।

राष्ट्रिय महिला आयोगकी रोशनीदेवी कार्कीले 'खबर गरौं ११४५' अभियान सञ्चालन गरिएको जानकारी दिँदै हिंसाका घटनामा 'होस्टाइल' हुने समस्या विकराल रहेको उल्लेख गरिन् । त्यसैले प्रभावितमैत्री सेवा दिन आवश्यक रहेको उनको भनाइ थियो । *रासस*

# भारतमा नेपालको तीर्थस्थल प्रचारप्रसार दुवै देशका ब्राह्मणले सहयोग गर्ने

**काठमाडौं–** नेपालका तीर्थस्थलहरूको पहिचान एवं व्याख्यान गरी भारतमा प्रचारप्रसार गरेर भारतीय धार्मिक पर्यटक भित्र्याउन दुवै देशका ब्राह्मणले सहयोग आदानप्रदान गर्ने भएका छन् । विश्वभर फैलिएका वैदिक सनातन हिन्दू धर्मावलम्बीको पवित्र तीर्थस्थल पशुपति क्षेत्रमा आज सम्पन्न ब्राह्मण अन्तरराष्ट्रिय सम्मेलनले नेपालको धार्मिक पर्यटन प्रवर्द्धनमा दुवै देशका ब्राह्मणले सहकार्य र समन्वय गर्ने भएका हुन् ।

ब्राह्मण अन्तरराष्ट्रिय सङ्गठन ट्रष्ट नेपाल शाखाको आयोजनामा सम्मेलन गरिएको हो । सम्मेलनले आज जारी गरेको घोषणा एवं सङ्कल्पमा विश्वभरका जन्मना र कर्मणा ब्राह्मण एक भई सनातन संस्कार र संस्कृतिको संरक्षणमा ऐक्यबद्धता कायम गर्ने भएका छन् ।

विश्वभरका ब्राह्मणको ज्ञान, विज्ञान र कर्मलाई आ-आफ्नो मुलुकको सत्शासन व्यवस्थामा प्रयोग गरी सनातन जीवन पद्धतिका माध्यमबाट विश्व शान्ति कायम गने अभियान चलाइने घोषणा प्रा डा माधवप्रसाद पाण्डेयले गरे । विश्वभरका ब्राह्मणलाई एउटै छातामुनि ल्याउने, धेरै ब्राह्मणको बसोबास रहेको नेपाल र भारतबीच रोटीबेटीको सम्बन्ध रहेकाले दुवै देशको धार्मिक पर्यटन प्रवर्द्धनमा यसलाई उपयोग गर्ने घोषणा भएको छ ।

वैदिक सनातन समाज व्यवस्थापनलाई सर्वोपरी मानी वैदिक शासन पद्धति, वैदिक कृषि पद्धति, वैदिक यज्ञ विधान, वैदिक कर्म पद्धतिलगायत विषयमा अध्ययन, अनुसन्धान गराई समाज विकासमा लगाइने भएको छ । आदिम सनातन वैदिक भूमि नेपालबाट विश्वबन्धुत्वको भावनालाई चरितार्थ गराउन मानवीय सेवा कार्यलाई विस्तार गरिने भएको छ ।

प्राचीन ग्रन्थ वेद, पुराण, उपनिषद्लगायत सत् ग्रन्थहरूको संरक्षण गर्दै विभिन्न भाषामा अनुवादसमेत गराएर सनातन धर्मको प्रचारमा सहयोग पुऱ्याइने भएको छ । नेपाल, भारत तथा सनातन धर्मावलम्बीको बसोबास रहेको अन्य देशमा गाईको संरक्षण गरिने भएको छ । गुरुकुलीय शिक्षा पद्धतिको अभियानलाई पनि अघि बढाइने राष्ट्रिय धर्मसभा नेपालको अध्यक्षसमेत रहनुभएका पूर्वनायब बडा गुरुज्यु डा माधव भट्टराईले बताए ।

नदी, नाला, खोला, कुवा, धार्मिक, सांस्कृतिकस्थल संरक्षण गरी प्राकृतिक पर्यावरण जोगाउने अभियानसहित वैदिक यज्ञ एवं उपासना विधिविधानको प्रचारप्रसार गराउने घोषणा पनि विश्वभरका ब्राह्मणले गरेका छन् । ब्राह्मण अन्तरराष्ट्रिय सङ्गठन ट्रष्ट (पञ्जीकृत) भारतसँग सम्बद्धता रहनेगरी अन्तरराष्ट्रिय ब्रह्मण समाज नेपालको गठन गर्ने घोषणासमेत सम्मेलनबाट भएको मुख्य संरक्षकसमेत रहनुभएका गर्गाचार्य संहिताशास्त्री अर्जुनप्रसाद बास्तोलाले जानकारी दिए ।

सम्मेलनले जारी गरेको १६ बुँदे घोषणा पत्रको प्रेरणाको स्रोत विश्वको सर्वोच्च शिखर सगरमाथा, वेदव्यास एवं कालीदास तथा बुद्ध जन्मभूमि नेपाललाई मानिएको नेपाल शाखाका संयोजक धर्मराज बरालले बताए । *रासस*


**स्थायी प्रमाणपत्र हराएको सूचना**

मिति २०८२ जेठ १ गते गुल्मीबाट काठमाडौं आउने क्रममा मेरो Original Master's Degree Certificate/स्थायी प्रमाणपत्र हराएको हुँदा पाउनु हुने महानुभावहरूले नजिकको प्रहरी चौकी वा तपसिलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**तपसिल**

**नाम** : लखी माया देवी
**रजिष्ट्रेसन नं.**५-२-३७-७४९-२००६
**ठेगाना** : हर्राचौर गाविस-८, गुल्मी
**सम्पर्क नं.**९८६०४८०५०८



**साउदीमा रोजगार** कम्पनी : SHAN ARAB CONTRACTING COMPANY ONE PERSON

पूर्व स्वीकृति मिति : २०८१/०६/१६ | पुनः विज्ञापन स्वीकृति मिति : २०८२/०८/१४ | LT. No. 311561 | चलानी नं. ६०२२६१२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loader & Unloader | 11 | 0 | 1000 | ३८,०३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ मंसिर २२ गते (8th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD. श्रम इजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



**ओमन/साउदीमा रोजगार** कम्पनी : AL FIKAR ALRAQI ALAAMA TRADE.

पूर्व स्वीकृति मिति : २०८२/०८/१४ | LT. No. 334053 | चलानी नं. ६०२४८०१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ice Cream Maker | 3 | 0 | 130 | ४८,२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : DAILY STYLE DELICIOUS FOOD TRADING EST.

पूर्व स्वीकृति मिति : २०८२/०८/१४ | LT. No. 334086 | चलानी नं. ६०२४८०३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sweets Maker | 1 | 0 | 1200 | ४५,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : NOOR AL MASAR TRANSPORT ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/०८/१४ | LT. No. 334087 | चलानी नं. ६०२४८०३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck Driver | 9 | 0 | 1800 | ६८,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : QAWS TRADING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०८/१४ | LT. No. 334055 | चलानी नं. ६०२४८०१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 4 | 0 | 1500 | ५७,०५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ मंसिर २२ गते (8th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



**कतारमा रोजगार** कम्पनी : POPULAR CONTRACTING AND CLEANING SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०८/१४ | LT. No. 334397 | चलानी नं. ६०२४८०२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 0 | 1 | 2500 | ९८,१५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | EXECUTIVE SALES | 1 | 0 | 3000 | ११७,७८५ | | | | | | | |
| 3 | GENERAL BUILDER | 2 | 0 | 1200 | ४७,११५ | | | | | | | |
| 4 | Labour | 1 | 0 | 1100 | ४३,१८५ | | | | | | | |
| 5 | Office Cleaner | 0 | 5 | 1200 | ४७,११५ | | | | | | | |
| 6 | Receptionist | 0 | 3 | 2500 | ९८,१५५ | | | | | | | |
| 7 | Sales Supervisor | 1 | 0 | 3000 | ११७,७८५ | | | | | | | |
| 8 | SERVICE AGENT | 4 | 0 | 3500 | १३७,४१५ | | | | | | | |
| 9 | Technician | 3 | 0 | 1200 | ४७,११५ | | | | | | | |

कम्पनी : AL FARID TRADING

पूर्व स्वीकृति मिति : २०८२/०८/१४ | LT. No. 334615 | चलानी नं. ६०२४८०२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 2 | 1 | 2500 | ९८,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Costomer Service | 0 | 9 | 1200 | ४७,११५ | | | | | | | |
| 3 | Driver | 1 | 0 | 2000 | ७८,५२५ | | | | | | | |
| 4 | Electrician General | 7 | 0 | 2500 | ९८,१५५ | | | | | | | |
| 5 | Gen. Clean Worker | 1 | 0 | 1200 | ४७,११५ | | | | | | | |
| 6 | Labour | 4 | 0 | 1100 | ४३,१८५ | | | | | | | |
| 7 | Office Cleaner | 3 | 3 | 1200 | ४७,११५ | | | | | | | |
| 8 | Packing Worker (Semi Skilled) | 6 | 0 | 1200 | ४७,११५ | | | | | | | |
| 9 | Representative | 1 | 0 | 2500 | ९८,१५५ | | | | | | | |
| 10 | Sales Supervisor | 2 | 2 | 3000 | ११७,७८५ | | | | | | | |
| 11 | Supervisor | 1 | 0 | 3000 | ११७,७८५ | | | | | | | |
| 12 | Watch Sales | 3 | 0 | 2500 | ९८,१५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ मंसिर २२ गते (8th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Lucky Human Resource Pvt.Ltd.
श्रम इजाजत नं. १३०२/०७४/०७५
Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np


## Purchaudi Municipality
## Office of Municipal Executive

**Hat, Baitadi,**
**Sudurpaschim Province, Nepal**

### Invitation for Bids

Date of publication: 2082/08/15(1 Dec, 2025)

1. Purchaudi Municipality invites electronic or e-bids from eligible bidders for the construction of following Works under National Competitive Bidding Procedures

| S. N. | Contract No. | Description of Works | Estimated Amount (Without Vat & PS) NRs. | Bid Security Amount (NRs.) | Cost of Bidding Documents (NRs.) | Bid validity period |
|---|---|---|---|---|---|---|
| 1. | PNP/BTD/ NCB/Work/ 02/2082/083 | Construction & Upgrading of Malladehi Bijaypur Sadak Purchaudi Municipality-8 & 10. | 1,31,79,952.21 | 3,72,000.00 | 3,000.00 | 90 days |

2. Eligible Bidders may obtain further information at Purchaudi Municipality, Office of the Municipal Executive, Hat, Baitadi (Tel- 096-690803) or may visit PPMO's website, http://bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

## मिक्लाजुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**मधुमल्ला, मोरङ**
**कोशी प्रदेश, नेपाल**

### क्याटलगर ब्रोसर विधिबाट भन्सार छुटमा सबवाहान खरिद सम्बन्धि सिलबन्दी प्रस्ताव आव्हानको सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८२/०८/१५**

यस कार्यालयको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहय बमोजिमको यान्त्रिक उपकरण सार्वजनिक खरिद ऐन, (२०६३ को पहिलो संशोधन २०७३) को दफा ८ उपदफा १ (क)(ड) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन समेत) को नियम ३१(ख) बमोजिम त्यस्तो यान्त्रिक उपकरण उत्पादन गर्ने कम्पनी वा सो को नेपालका लागि आधिकारिक बिक्रेताहरु बीच मात्र प्रस्तिस्पर्धा गराउने (क्याटलग सपिङ) विधिबाट खरिद गर्ने भएकाले सार्वजनिक खरिद नियमावली द्ण्टद्ध को नियम घज्ञ (ख) को उपनियम २ अनुसार देहाय बमोजिम यान्त्रिक उपकरणको उत्पादन वा आधिकारिक बिक्रेताहरुबाट उक्त मेसिन बिक्रि गर्ने नेपाल सरकारको आधिकारिक निकायबाट प्राप्त भएको अनुमतिपत्र, सो को अद्यावधिक नवीकरण भएकोपत्र, स्थायी लेखा नं. तथा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ सम्मको कर चुक्ता गरेको प्रमाणित कागजात, उक्त सवबाहान सप्लाई गरेको हालसम्मको विस्तृत विवरण,सम्बन्धित कार्य अनुभवको प्रमाणपत्र, उत्पादनको आधिकारिक प्राविधिक स्पेसिपीकेशन, मूल्य, गुणस्तर तथा सुविधा सहितको विवरण (क्याटलग ब्रोसर) संलग्न राखि यो सूचना प्रकासन भएको मितिले सातौं दिनसम्म कार्यालय समयभित्र यस कार्यालयमा छुट्टाछुट्टै निवेदन दर्ता गराउन  यो सूचना प्रकाशन गरिएको छ ।

| Vehicle Type | Quantity | General Specification | Remark |
|---|---|---|---|
| For Single Cab 4WD pickup suitable for Dead Body Carrier . | 1 | • Single Cab 4WD pickup suitable for Dead Body Carrier. Gross wt shall not be less than 2500 kg. Vehicle offered model -2025<br>• Engine capacity: Min 2400 CC, Maximum rated power output min. 55HP at governed RPM with torque min. 170 NM at governed RPM.<br>• Transmission- Manual shift at least 5 forward and one reverse.<br>• Ground Clearance – Minimum 180 mm.<br>• Fuel Tank Capacity – Min 45 Ltrs.<br>• Steering – Power Steering<br>• Brake- Disk Brakes at Front & Drum at rear<br>• Warranty: A min of one year warranty after acceptance.<br>• Delivery : Vehicle shall be delivered to Miklajung Rural Municapility. | Detailed specification not included in this notice .Shall be as per approved Technical Specification. Please check website https://miklajungmunmorang.gov.np For detailed technical specifications. |

दर्ता गरिएको सिलबन्दी प्रस्तावहरु मिति २०८२/०८/२२ गते साझँको १६:०० बजे खोलिनेछ। साथै सूतीकृत नभएका उत्पादक वा आधिकारिक बिक्रेता कम्पनीहरुको सूचिकृत गराई उक्त सिलबन्दी प्रस्ताव पेश गर्न सकिने व्यहोरा जानकारी गराइन्छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## निर्वाचनको वातावरण बनाऊ

निर्वाचन आयोगले फागुन २१ गतेका लागि तोकिएको प्रतिनिधि सभाको निर्वाचनका लागि तयारी धमाधम गरिरहेको छ। तर बजेट अपुग हुँदा आयोगले असन्तुष्टि जनाइरहेको छ। आयोगले असन्तुष्टि जनाउनुको अर्को कारण हो प्रमुख निर्वाचन आयुक्तका रिक्तता।

अहिले आयोग कार्यवाहकको भरमा चलिरहेको छ। कुनै पनि काम हुन कार्यकारीको आवश्यकता पर्दछ। कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले निर्वाचन सम्पन्न गराउन कुनै कसर बाँकी राख्दैनन् भन्नेमा सबैलाई विश्वास पनि होला। तर उनै भण्डारीलाई कार्यकारी पद अर्थात् प्रमुख निर्वाचन आयुक्त बनाएमा अझ बढी उत्साहका साथ काम गर्न सक्छन्।

अहिले शीर्ष दलमात्र हैन, निर्वाचनमा जाने गरी विद्रोह गरेका जेन–जी समूहले नै फागुन २१ गते तोकिएको निर्वाचनको विरोध गरिरहेका छन्। एक त राज्यले जेन–जी विद्रोहमा उत्रेकाहरूलाई कारबाही गरिरहेका छन्। उनीहरूलाई निर्वाचनमा सहभागी गराएर यो विद्रोह र परिवर्तनलाई संस्थागत गर्नुपर्ने सरकारको काँधमा जिम्मेवारी थियो। तर परिवर्तनमा रगत बगाएकाहरूलाई नै अहिले समाजमा अस्विकार गर्ने परिस्थिति सिर्जना हुँदैछ। जसकारण पनि जेन–जी अभियन्ताहरूले अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्की, गृहमन्त्री ओमप्रकाश अर्यालको कार्यक्षमतामाथि प्रश्न उठाउन थालेका हुन्।

यो स्वभाविक पनि हो। अहिलेको सरकार, निर्वाचन आयोगमा दर्ता भएका दलहरूको अवस्था हेर्दा पुरानै दलले रजगज गर्ने पक्कापक्की देखिन्छ। यो अवस्था आउनु भनेको अर्को विद्रोह निम्त्याउनु पनि हो। देशलाई थप मुठभेड र थप क्षतिको बाटोमा लैजाने काम सत्ताको नेतृत्व गर्नेहरूले गर्न हुँदैन। भ्रष्टाचार र चरम नातावादमा डुबेको राजनीतिलाई बिदा गरेर नयाँ पुस्तालाई जिम्मेवारी दिने गरी वातावरण सिर्जना गर्नु शासनमा बस्नेहरूको दायित्व हो। यसमा बुद्धि र विवेक प्रयोग गर्न सक्नुपर्छ। भिडले जे भन्यो त्यही पत्याउने र त्यहीअनुसार काम गर्ने लोकप्रियतावादतिर रम्नु भोलिका लागि राम्रो होइन।

त्यसैले जसरी नयाँ पुस्ताले प्रविधिमा सहयोग गर्नसाथ ८ लाख भन्दा बढीले मतदाता नामावलीमा नाम भरेका थिए, यो उत्साह मर्न दिन हुन्न। प्रवासबाट पनि मत हाल्न पाउने व्यवस्था गर्ने सरकारको तयारीले अझ उत्तिकै उत्साहित मतदातालाई पनि सरकारले निरुत्साहित पार्ने काम गर्न हुन्छ। यी विषयमा सम्बोधन गर्न सरकारले निर्वाचनको खर्च बढाउनुका साथै युवाहरूलाई पनि अट्ने ठाउँ बनाउँदै निर्वाचनको वातावरण निर्माणतिर ध्यान दिनु उपयुक्त हुनेछ।

श्रम सरोकार

## नेपालमा पैसा पठाउँदा ध्यान दिनुपर्ने कुराहरु

विदेशमा कमाएको पैसा सुरक्षितसँग घरमा पठाउनु उत्तिकै आवश्यक छ। अवैधानिक माध्यमबाट पठाउँदा ठगीमा परिने सम्भावना हुन्छ। विदेशबाट नेपालमा आफ्ना आफन्तलाई पैसा पठाउन बैंक खाता वा रेमिटचान्स कम्पनीहरूको प्रयोग गर्न सकिन्छ। अझ रेमिटचान्सबाट पठाउन तुलनात्मकरूपमा सस्तो, सहज र भरपर्दो हुन्छ। वैधानिक माध्यमबाट रेमिटचान्स पठाउनेलाई सरकारले विभिन्न सुविधासमेत दिएको छ।

नेपालमा पैसा पठाउन विभिन्न रेमिटचान्स कम्पनीहरूले सेवा दिँदै आइरहेका छन्। आफू कार्यरत देशबाट कुन-कुन रेमिटचान्स कम्पनीले नेपालमा पैसा पठाउन काम गरिरहेका छन् भन्ने बुझ्नुपर्छ। अझ यसमा बुझ्न के जरुरी छ भने ती रेमिटचान्स कम्पनी नेपालमा रेमिटचान्स कारोबार गर्न अनुमति प्राप्त कम्पनी हो कि होइन। कतिपय अनुमति नलिई सञ्चालन गरिएको कम्पनीले कम सेवा शुल्क र बढी विनिमय दरमा पठाइदिने प्रलोभनमा पारेर ठगी गर्न सक्छन्। यसमा सचेतता अपनाउन जरुरी छ।

रेमिटचान्स पठाउँदा पूर्ण विवरणसहित रकम पठाएको भौचर लिन अनिवार्य हुन्छ। त्यस्तो भौचर सुरक्षित राख्नुपर्छ। केही कारण नेपालमा पाउनुपर्ने व्यक्तिले नपाएको खण्डमा उक्त भौचरमार्फत दाबी गर्न सकिन्छ। यसका अलावा नेपालमा आउँदा सरकारले दिएका विभिन्न सेवा लिनका लागि पनि यस्तो भौचर आवश्यक पर्दछ।

विदेशमा रहेका बैंक खातामार्फत पनि पैसा पठाउन सकिन्छ। यसका लागि पैसा पठाउने र प्राप्त गर्ने दुवै व्यक्तिको बैंक खाता हुनुपर्छ र बैंकको अन्तर्राष्ट्रिय सञ्जाल हुन पनि जरुरी हुन्छ। पैसा पठाउने व्यक्तिले पैसा प्राप्त गर्ने व्यक्तिको बैंकको नाम, खाता नम्बर र बैंकको एक अन्तर्राष्ट्रिय कोड जसलाई 'स्विफ्ट कोड' भनिन्छ, यी जानकारीहरू बैंकमा उपलब्ध गराएपछि इच्छाइएको व्यक्तिको खातामा रकम पुग्ने छ। यो माध्यमबाट पैसा पठाउन साधारणतया रेमिटचान्सभन्दा महँगो पर्छ।

पैसा पठाउने क्रममा अनौपचारिक र गैरकानुनी माध्यमहरू पनि भेटिन्छन्। यस्ता संयन्त्रमा आफूले पठाएको पैसाको कुनै ग्यारेन्टी नहुने हुनाले पैसा डुब्ने जोखिम धेरै हुन्छ। त्यसैले हुण्डीलगायत अवैधानिक च्यानल र व्यक्तिगत माध्यमबाट कहिल्यै पनि पैसा पठाउनु हुँदैन। यसरी अवैधानिक च्यानलबाट पैसा पठाउँदा भोलि नेपालमा आएपछि पनि समस्या हुनसक्छ। त्यसैले सधैं नेपाल राष्ट्र बैंकबाट अनुमतिप्राप्त रेमिटचान्स कम्पनी र तिनका आधिकारिक एजेन्टमार्फत वा बैंकिङ च्यानलमार्फत मात्रै पैसा पठाउने गर्नुपर्छ।

# प्रत्यक्ष राष्ट्रपतीय प्रणालीमा जानुको विकल्प छैन



आगामी २१ फागुनमा हुने प्रतिनिधि सभा निर्वाचनलक्षित घोषणापत्र संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चले सार्वजनिक गरेको छ। यो दलले अहिलेको सात प्रदेशको खाकालाई मान्दैन। प्रदेशहरूको नामाकरण पहिचानको आधारमा नभएको भन्दै अस्वीकार पनि गर्दै आएको छ। खासमा यो दलले अरूण-सभा खोला पूर्वको भुभागलाई स्वायत्त लिम्बुवान प्रदेश बनाउन चाहन्छ। त्यसपछि किरात-खम्बुवान हुँदै शेर्पालुङ, तामाङसालिङ, नेवाः, तमुवान मगरात, खसान, मधेश र गैरभौगोलिक प्रदेशका रूपमा दलित मुक्ति प्रदेश हुनुपर्ने भन्दै प्रदेशहरूको खाका नै कोरेको छ। यही दलका **अध्यक्ष कुमार लिङ्देन 'मिराक'**सँग चुनाव, लिम्बुवान आन्दोलनलगायत मुद्दामा *प्रभाव दैनिक*का लागि **जेबी योञ्जन**ले गरेको संवाद :

**कुमार लिङ्देन 'मिराक'**
संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च

**संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चलाई निर्वाचन कति छिटो लाग्यो ? घोषणापत्र नै सार्वजनिक गरिसक्नु भएछ।**

नेपालमा संघीयता के हो ? विश्वको कहाँ कहाँ संघीय देशहरू छन् ? अनि पुँजीवाद, साम्यवादबाहेकको अस्तित्ववादी धाराहरू, सहअस्तित्ववादी दर्शनहरू र संघीयतासम्बन्धी एकदमै सीमित पुस्तकहरू र पत्रपत्रिका पाइन्छन्।

संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च पहिलेदेखि नै संघीयता र सहअस्तित्ववादको बारेमा एकदमै बहस, छलफल चलाइरहेको दल हुनाले यो फागुन २१ गतेको निर्वाचनमा एउटा अध्ययन सामग्री पनि होस्, संघीयताको विश्वमा कहाँ कहाँ अभ्यास भइरहेका छन् ? सहअस्तित्ववाद भनेको चाहिँ के हो ? पुँजीवाद र साम्यवाद किन फेल भए ? जेन-जी आन्दोलनको पछाडिको दार्शनिक धरातल के हो ? यो उत्तरआधुनिकवादमा डेरिडाको डिकन्स्ट्रक्सनले कसरी काम गरिरहेको छ ? यसको बारेमा एक तहमा छलफल त हुनुपऱ्यो भनेर हामीले समयमै अध्ययन सामग्री होस् भनेर घोषणापत्र सार्वजनिक गरेका हौँ। यसलाई प्रकाशन गरेर प्रधानमन्त्रीज्यूको हातमा पनि पुऱ्याइसक्यौँ।

**प्रधानमन्त्री सुशीला कार्कीले के भन्नुभयो ?**

तपाईं त अरु दलभन्दा पहिल्यै निर्वाचन घोषणापत्र सार्वजनिक गरेर घुमि सक्नु भएछ भनेर बधाई दिनुभयो। त्यो निर्वाचनबारे दलहरूसँग छलफल गर्न बोलाइएको बैठक थियो र अन्तिममा 'सेवारो' भनेर उहाँ बिदा हुनुभयो। मैले बैठकमा कुरा राख्दाखेरी सेवारो भनेको थिएँ। हाम्रो लिम्बुवानको त प्रमुख अभिवादन सेवारो हो। अनि उहाँ (प्रधानमन्त्री कार्की)ले पनि जोडले सेवारो भन्दा सबै अध्यक्षहरूले मलाई हेर्नुभयो।

**प्रधानमन्त्रीले 'सेवारो' भनेर तपाईंहरूले पनि अब निर्वाचनमा सहयोग गर्नुपऱ्यो, निर्वाचनमा जाऔँ, साथ चाहियो भन्ने सन्देश प्रवाह गर्नुभएको जस्तो लाग्दैन ?**

हुन सक्छ। निर्वाचनबारे हामी त एकदम सकारात्मक छौँ। सिंगो जेन-जी आन्दोलनप्रति अत्यन्तै सकारात्मक छौँ। प्रधानमन्त्रीले बोलाएको बैठकमा पनि यो कुरा राख्यौँ। यसबाहेक कम्तिमा एक सय २५ वटा दलबाट प्रधानमन्त्रीज्यूले धेरै होइन, एक पेजको धारणा माग्नुहोस् ता कि जेन-जी आन्दोलन किन भयो, कारण माग्नुहोस्। अनि त थाहा भइहाल्छ नि, समाधान पनि आउँछ। त्यसका लागि गोलमेच बोलाउनुहोस्। त्यसबाट एउटा साझा धारणा निर्माण गरौँ अनि त्यसपछि निर्वाचनमा जाँदा त्यो स्थायी हुन्छ भनेँ।

हिजोसम्म संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च पनि ११ प्रान्त अनि संसदीय व्यवस्था भन्थ्यो। तर, यत्रो खुन बगिसकेपछि हामीले प्रत्यक्ष निर्वाचित राष्ट्रपतीय प्रणालीलाई स्वीकाऱ्यौँ। जेन-जीको मागअनुसार घोषणापत्र सार्वजनिक गरेर प्रत्यक्ष राष्ट्रपतिमा जानुपर्छ भन्ने मञ्च पहिलो दल होला सायद।

**उसो भए प्रधानमन्त्री कार्यकारी हुने अहिलेको संसदीय प्रणालीको औचित्य रहेन अब ?**

होइन, कार्यकारी त अहिले पनि प्रधानमन्त्री हुनुहुन्छ। त्यतिखेर हाम्रो प्रस्तावअनुसार राष्ट्रपति कार्यकारी हुन्छ, जनताबाट निवार्चित भएर आउँछन्।

**किन राष्ट्रपति प्रत्यक्ष जननिर्वाचित हुनुपर्छ ?**

एमाले-कांग्रेसजस्ता ठूला दलहरू प्रत्यक्ष राष्ट्रपतिदेखि डराएका छन्। हामीले एकदम कडा तर्क दिएका छौँ कि तपाईंहरू पृथ्वीनारायण शाहले नेपाल एक गऱ्यो भनेर भ्यागुताजस्तो फुलिने ? एक नेपाल भन्ने ? एक नेपाली भाषी भन्ने ? अनि, नेपाललाई एउटा निर्वाचन क्षेत्र बनाएर प्रत्यक्ष राष्ट्रपतिको निर्वाचन गराउन चाहिँ किन डराउने ?

कांग्रेस किन डराएको हो ? एमाले किन डराएको हो ? जबकि भन्न चाहिँ नेपाल एक बनाएको पृथ्वीनारायण शाहले भन्ने, सारा मिडिया र बौद्धिक जगतले नेपाल एक हो भन्ने। तर, एक भइसकेको नेपालमा एउटा निर्वाचन क्षेत्र मानेर प्रत्यक्ष राष्ट्रपतिको निर्वाचन गर्न किन डराउनु ? यो सारा नेपाललाई हाम्रो प्रश्न हो। त्यसले गर्दा जेन-जीको माग सम्बोधन गर्न पनि ११ प्रदेश कायम हुनुपर्छ। ७७ जना सिडिओ खारेज हुनुपर्छ र प्रत्यक्ष राष्ट्रपतीय प्रणालीमा जानुपर्छ। हाम्रो तर्कको विरुद्धमा को तर्क गर्न आउँदो रहेछ ? म काठमाडौँमा विरोधी तर्क गर्नेलाई खोज्न पनि आएको हुँ अहिले चाहिँ।

**यो त शासकीय प्रणालीको कुरा भयो। घोषणापत्रमार्फत् संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चले नेपाल निर्माणको मार्गचित्र कस्तो बनायो ?**

अहिले नेपालमा हरेक लेखमा र हरेक नेताको भाषणमा एउटा कुरा आउँछ, त्यो हो- नेपाल भूराजनीतिमा फस्यो। अर्थात् जिओपोलिटिक्समा फस्यो। त्यसबारे पनि घोषणापत्रमा हामीले चर्चा गऱ्यौँ। खासमा जिओपोलिटिक्स र ग्लोबल पोलिटिक्स अलग कुरा हो, जब जिओपोलिटिक्स र ग्लोबल पोलिटिक्सलाई मिसाइन्छ, देशै झ्वाम हुन्छ, जस्तै : एमाले भनेको चाहिँ ग्लोबल पोलिटिक्स हो। कांग्रेसको पुँजीवाद भनेको पनि ग्लोबल पोलिटिक्स हो। तर, नेपाललाई कसरी बचाउने भन्ने चाहिँ जिओपोलिटिक्स हो। त्यो ग्लोबल पोलिटिक्स चाहिँ जिओपोलिटिक्समा रिफ्लेक्ट हुनु हुँदैन।

स्वाभाविक रूपमा कम्युनिस्ट देशहरु चीनसँग नजिक हुने हुन्। स्वाभाविक रूपमा पुजीवादी देशहरु अमेरिका या भारत सँग नजिक हुने हुन्। तर, नेपाल त्यसरी बच्छ त ? बच्दैन

हिजोसम्म संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च पनि ११ प्रान्त अनि संसदीय व्यवस्था भन्थ्यो। तर, यत्रो खुन बगिसकेपछि हामीले प्रत्यक्ष निर्वाचित राष्ट्रपतीय प्रणालीलाई स्वीकाऱ्यौँ

एक भइसकेको नेपालमा एउटा निर्वाचन क्षेत्र मानेर प्रत्यक्ष राष्ट्रपतिको निर्वाचन गर्न किन डराउनु ? यो सारा नेपाललाई हाम्रो प्रश्न हो। त्यसले गर्दा जेन-जीको माग सम्बोधन गर्न पनि ११ प्रदेश कायम हुनुपर्छ

स्वाभाविक रूपमा कम्युनिस्ट देशहरू चीनसँग नजिक हुने हुन्। स्वाभाविक रूपमा पुजीवादी देशहरू अमेरिका या भारत सँग नजिक हुने हुन्। तर, नेपाल त्यसरी बच्छ त ? बच्दैन। यसको बारेमा पूरा बहस हुनुपर्छ। के मार्क्सवादले नेपाल बचाउँछ त ? पुँजीवादले बचाउँछ त ? त्यो त जिओपोलिटिक्समा फसिहाल्छ नि। यहाँ त साम्यवाद न पुँजीवाद। यहाँ त सहअस्तित्ववाद लागू हुनुपर्छ भनेर घोषणापत्रमा एकदमै गहिरो छलफल गरेका छौँ।

अब ओलीले के सोच्नुहुन्छ ? कि मेरो विरुद्धमा विद्रोह हो ? होइन। यो युगको बारेमा युगको विद्रोह हो। आजभन्दा २० वर्ष अगाडि नै त्रिभुवन विश्वविद्यालयका प्राध्यापकहरूले अब पोस्टमोडर्निजम लागू भयो है भनेर ठूल्ठूला किताब लेखेका छन्। अब यहाँ डेरिडाको डिकन्स्ट्रक्सन अर्थात् विसंगतिवाद लाग्छ है भनेर २०-३० वर्ष अगाडिदेखि कुरा भइरहेको छ। त्यसकारणले यो ओलीको विरुद्धमा कोहि विदेशी शक्ति उठेको पनि होइन मेरो विचारमा। तर, युगको विरुद्ध युगको विद्रोह भयो। त्यो भनेको नेपालमा उत्तरआधुनिकवाद लागू भयो। उत्तरआधुनिकवादमा केन्द्र ढलेर बहुकेन्द्रहरू जन्मिन्छन्। त्यो भनेको प्रदेशहरू निर्माण हुन्छन् र प्रदेशहरूलाई अधिकार सम्पन्न बनाउनैपर्छ।

**खासमा निर्वाचन घोषणापत्रमा त राजनीतिक दर्शनभन्दा पनि आउनुपर्ने भनेको पाँच वर्षमा देशलाई समृद्ध र विकसित बनाउन के के गर्ने ? त्यो पो आउनुपर्ने होइन र ? केही पनि छैन त।**

यहाँ (घोषणापत्रमा) त्यो भन्दा ठूलो सवाल छ। जस्तै : पछिल्लो जेन-जी विद्रोह हेरौँ। एमाले र तत्कालीन प्रधानमन्त्रीको तर्क के छ भने प्रधानमन्त्रीले गोली हान भन्दाखेरि चुपचाप सेना पुलिसले हान्नुपर्ने हो। कार्यकारी प्रधानमन्त्री हुँदा त्यो हुनुपर्ने हो। तर, आर्मीको तर्क के छ भने त्यसरी गोली हानेको भए २४ गते त कम्तिमा ५ देखि १० हजार मान्छे मर्थे। यी दुईवटा तर्कबीचको द्वन्द्वले यी सबै कुरा भए। देशै तहसनहस भएर खर्बौं डुब्यो। त्यसकारणले पहिले त शासकीय प्रणालीबारे बौद्धिक बहस गर्नुपर्छ।

**उसो भए देश विकास र समृद्धिको विषय घोषणापत्रमा आउनु भन्दा पहिले शासकीय प्रणालीबारे बहस आवश्यक हो त ?**

एकदम। पृथ्वीनारायण शाहले नेपाल एकीकरण गरेको भनिएको छ, हामीले एकात्मकरण गरेको भनेका छौँ। पृथ्वीनारायण शाहको पालादेखि नै जे जे हुँदै आए, एकपटक व्यापक बहस हुनुपर्छ। यहाँ केन्द्र सरकार ढल्दा प्रदेश १ सरकार काम गर्दै थियो। अरु प्रदेश काम गर्दै थिए। यत्रो केन्द्र सरकार ढल्दा सत्ता छ्याप्पै त सुकेन। त्यो त संघीयताको योगदान हो नि। किनभने सातवटा प्रदेशले काम गर्दै गयो।

म अघिको कुरासँग जोड्छु, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चले पहिचानसहितको ११ प्रदेश (लिम्बुवानदेखि खसानसम्म) लागू हुने हो भने केन्द्रमा एटम बम खस्दा पनि नेपाल हल्लिने छैन। संघीयताले देशको आन्तरिक र बाह्य सुरक्षा मजबुत पार्छ। उत्तर-दक्षिण, पूर्व-पश्चिमबाट जुन भूराजनीतिक खेल खेलिँदै छ नि, त्यो खेलसँग टक्कर गर्नका लागि भए पनि यहाँ सहअस्तित्वाद लागू गर्नुपऱ्यो। त्यो भनेको यहाँ बाहुनले पनि तामाङको अस्तित्व स्वीकार्नुपऱ्यो। तामाङले लिम्बूको, लिम्बूले राईको, राईले क्षेत्रीको र क्षेत्रीले दलित समुदायको अस्तित्व स्वीकार्नुपर्छ। मधेसी र थारुको अस्तित्व स्वीकार्नुपऱ्यो। सबै समुदायले एकअर्काको सहअस्तित्वलाई स्वीकार्दै नेपाल अब एक भएर अगाडि बढ्छ, त्यो दिन नेपाल यति बलियो हुन्छ कि एक सयवटा एटम बम हान्दा पनि नेपाल केही हुँदैन। त्यो सहअस्तित्ववादी दर्शन चाहिँ संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चले बोकेको छ।

**तर, सहअस्तित्ववादी तपाईंको दलले चुनाव जित्ने हैसियत नै राख्दैन त ?**

एमालेले जितेर के भयो त ? कांग्रेसले जित्यो के भयो ? उनीहरूकै पालामा खर्बौं खर्ब देश लुटियो। देशको हालत यस्तो छ। मैले जेन-जी विद्रोहकै कुरा जोड्छु, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चले भन्छ कि यो ओली र प्रचण्डको मात्रै असफलता होइन। शेरबहादुर देउवाको मात्रै असफलता होइन। यो त पुँजीवादको असफलता हो। साम्यवादको असफलता हो। राजावाद अर्थात् भाग्यवाद, जसलाई सामन्तवाद भन्छौँ, त्यो त सिद्धिनै सक्यो। म जेन-जीलाई सलाम गर्छु कि उनीहरूले पछाडि फर्किन मानेनन्। कोशीलाई प्रदेश १ भने।

**जे होस्, निर्वाचन २१ फागुनमै भए तपाईंको दललाई जनताले भोट दिन्छन् त ?**

जनताका आफ्नै खालका सुख दुःखहरू छन्। आफ्नै किसिमको माइन्डसेट छ। तर जनताले त्यो सोचेको छ भन्दैमा हामी अगुवा, अभियन्ता, दार्शनिक, चिन्तक, लेखक, कवि, कलाकार पत्रकारहरूले सही कुरा नभन्ने होइन, भन्दै जानुपर्छ। संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चले सहि कुरा भन्दै जान्छ। गलत कुरा गरेर जनतालाई भ्रममा राखेर निर्वाचन जित्नुको पनि कुनै अर्थ हुदैन।

तर, यसपटक हामीले जनतामाझ समयमै कुरा लगिरहेका छौँ। संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चको घोषणापत्र धेरै मान्छेले पढिसके। खासगरी पहिचानपक्षधर दलहरूले पढिसके। कतिले मंगोलवाद, उज्यालोवाद, स्वदेशवाद, लिम्बुवानवाद भनिरहेका छन् तर विश्वमा तीनवटा मात्रै दर्शन छ, पुँजीवाद, साम्यवाद र अस्तित्ववाद। यो अस्तित्ववादले पुँजीवाद र साम्यवादलाई फेल गराइसक्यो।

**तर, तपाईंको दल निर्वाचन अगाडि फुटेर ध्वस्तै भइसक्यो त ?**

फुटेको हाम्रो मात्रै होइन। फेरि, अहिले संक्रमणकाल छ। अहिले कांग्रेसकै हेर्नुहोस्, महाधिवेशनमा कस्तो हुन आँटिरहेको छ ? एमालेकै हेर्नुहोस्, के भइरहेको छ ?

**कांग्रेस–एमाले त फुटेका छैनन् नि ?**

त्यो दिन आउँदै छ नि त

**घोषणापत्रमा १० प्लस १ प्रदेशको खाका जसरी अगाडि ल्याउनु भएको छ, त्यो त चुनावमा दुई तिहाइ बहुमत ल्याएर वा जुटाएर कार्यान्वयन गर्ने होला। तर, चुनाव जित्न नसक्ने अवस्थाबाट कसरी सम्भव हुन्छ ?**

न्युटनको चालसम्बन्धी तेस्रो नियमले के भन्छ भने प्रत्येक ठाउँमा बराबर तर विपरीत प्रतिक्रिया हुन्छ। अब मधेसवादी दल किन फुट्यो ? लिम्बुवानवादी किन फुट्यो र माओवादीहरू किन फुटे ? भन्दा माओवादीले प्रहार गऱ्यो नि त सत्तालाई। उसले सत्तालाई प्रहार गर्दा सत्ताले पनि उसलाई प्रहार गऱ्यो। माओवादीले एकचोटी यो सत्तालाई भयङ्कर प्रहार गरेको हो नि।

अब ०६२ साल मंसिर २६ गते पार्टी स्थापना भएदेखि आजसम्म लिम्बुवान त सत्तासँग त लडेकोलडेकै छ। मनिल तामाङ, राजकुमार आङ्देम्बे, लाजेहाङ, विजय, विवेक हाम्रै पार्टीबाट शहीद हुनुभयो। कति घाइते हुनुभयो। नो केबुलकार भन्यो, नो कोशी भन्यो ? भाषा आन्दोलनहरू भए, त्यसकै कारण पहिलो पाँच वर्ष रोक्नुपर्ने भयो नामांकन।

अनि, मधेस आन्दोलनका शक्तिहरू पनि धेरै फुटे। किनभने मधेसले पनि भयङ्कर प्रहार गऱ्यो नि सत्तालाई। उसले प्रहार गर्दा सत्ताले पनि यता प्रहार गऱ्यो। लिम्बुवानले पनि प्रहार गर्दा सत्ताले प्रहार गऱ्यो। अब बल्ल जेन-जी विद्रोहपछि एमाले-कांग्रेस पनि विपक्षी दलमा पुगे। अब उनीहरूले पनि सत्तासँग जुझ्नुपर्ने हुन्छ र उनीहरूमा पनि फुट्ने क्रम सुरु हुन्छ। हामीले चाहिँ त्यो फुट्ने टुट्ने क्रम पार गरिसक्यौँ। अब हाम्रो चाहिँ जुट्ने क्रम हुन्छ।

**लिम्बुवान आन्दोलनको मूल शक्ति संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च नै हो। तर, छिन्नभिन्न अवस्थामा छ। कुनैबेला सञ्जुहाङ पालुङवा, वीर नेम्बाङलगायत नेताहरू तपाईंसँगै हुनुहुन्थ्यो, अहिले हुनहुन्न। यद्यपि, तपाईंले घोषणापत्रमै भन्नुभएको छ कि अब निर्णायक आन्दोलन गर्छौं। कसरी हुन्छ ?**

उहाँहरू नै सबै नेता होइनन्। म नै सबै नेता होइन।

**लिम्बुवान पार्टीबाट अलगथलग भएका नेताहरूले त कुमार लिङ्देनमा भएको अहंकार र दम्भले लिम्बुवान पार्टी सिद्धियो, आन्दोलन सिद्धियो भन्ने आरोप लगाए नि ?**

त्यो गलत हो। कुमार लिङ्देन उमेरमा पनि उहाँहरूभन्दा कान्छो। मैले मभन्दा सिनियर नेताहरूसँग अहंकार गरेँ भन्नु त्यो नसुहाउँदिलो कुरा हो। तर, के हो भन्दा लिम्बुवान मात्रै होइन, सिंगो आदिवासी, दलित आन्दोलन अलिकति आँधी ल्याउने र त्यहीँ अल्मलिने खालको भयो। तर, कुमार लिङ्देनले के गऱ्यो भने आन्दोलनलाई त्यहीँ मात्रै रहन दिएन। राष्ट्रिय एजेन्डा बनायो। यो आन्दोलनलाई एक दिन पार लगाउँछु। त्यसको लागि मैले कठोर निर्णय गरेर जानुपर्छ।

# विषादी परीक्षण केन्द्र सञ्चालन

**ललितपुर (प्रस)**– ललितपुर महानगरपालिका-३ कार्यालयले विषादी परीक्षण केन्द्र सञ्चालनमा ल्याएको छ । आफ्नो वडा कार्यालयभित्र बिक्री हुने तरकारी तथा फलफूलमा प्रयोग भएको विषादीको परीक्षण गर्न वडा कार्यालयले झम्सिखेलस्थित ठाडोढुंगामा रहेको 'हाम्रो घर'मा विषादी परीक्षण केन्द्रको सुरुआत गरेको हो ।

परीक्षण केन्द्रको उद्घाटन गर्दै ललितपुर महानगरप्रमुख चिरीबाबु महर्जनले विषादीयुक्त तरकारी तथा फलफूलको प्रयोगका कारण नगरवासी रोगी हुँदा समस्या सिर्जना हुने भन्दै यसका लागि विषादी परीक्षण केन्द्र उपयोगी हुने विश्वास व्यक्त गरे ।

'नगरवासी रोगी हुँदा यहाँको उत्पादकत्व र जीवनशैलीमा प्रभाव पर्छ । यहाँका नागरिक रोगी भए भने यो महानगर स्मार्ट सिटी हुन सक्दैन, महानगरवासी निरोगी हुँदामात्र समृद्ध र सुखी महानगर कायम रहन सक्छ,' उनले भने । उनले देशका छ हजार ७४३ वडामध्ये ललितपुर-३ ले उत्कृष्ट काम गरेको कुरा निर्विवाद छ भन्दै यो वडा महानगरको २९ वडामध्ये सबैभन्दा बढी राजस्व संकलन गर्ने वडा पनि भएको बताए ।

'म नगरप्रमुख भएको आठ वर्षभन्दा बढी भइसकेको छ, हामीले आठ वर्षभित्र सम्पदा र पूर्वाधार क्षेत्रमा धेरै काम गरेका छौं, समयसापेक्ष आउने नयाँ परियोजनालाई पनि ध्यान दिएर सञ्चालन गर्नेछौं, महानगरलाई स्मार्ट सिटी बनाउन धेरै काम गरिरहेका छौं, महानगरले उत्कृष्ट काम गरेको छ,' महानगरप्रमुख महर्जनले भने ।

महानगरप्रमुख महर्जनले हरियाली कायम गर्ने काममा महानगरको सडकका दायाँबायाँ रुख रोपेर हरियाली कायम गरेर यहाँको वातावरणलाई सफा र स्वच्छ बनाउने प्रयत्न गरेको बताए । जाडोयाममा प्रविधिको प्रयोग गरेर सडक वरपरका सडकलाई पानी दिने र पखाल्ने काम गरेका छौं भने भूकम्पले क्षति पुऱ्याएका सबै मठमन्दिर, देवालय, शिवालयको मर्मतसम्भार गरेका छौं भने ।

राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष महाश्रम शर्माले वडाका हरेक क्रियाकलापमा आफूनिकट रहेको जानकारी गराउँदै शिक्षा र स्वास्थ्यको क्षेत्रमा राम्रो काम गरेर वडावासीलाई उत्साह भर्ने काम वडाले गरिरहेको धारणा राखे । अध्यक्ष शर्माले बालबालिकालाई नैतिक शिक्षाको ज्ञान दिलाउँदै उनीहरूले प्राप्त गरेको सीपलाई व्यवहारमा उतार्न सिकाउँदै संस्कृति र सम्पदालाई जगेर्ना गर्न सिकाउनुपर्ने आवश्यकता रहेकामा जोड दिए ।

ललितपुर-३ का अध्यक्ष गोपाल महर्जनले वडावासीले प्रयोग गर्ने हरेक खाद्य सामग्रीमा भएको विषादीले मानिसलाई रोगी बनाएको भन्दै तरकारी र खाद्यपदार्थमा विषादी भए/नभएको परीक्षण गरेरमात्र उपयोग गर्न विषादी परीक्षण केन्द्र सञ्चालनमा ल्याइएको बताए । उनले वडाभित्र व्यापार गर्ने तरकारीमा विषादीको परीक्षण गरेर अत्यधिक विषादी भएको पाइएमा कानुनअनुसार कारबाही गर्ने बताए । कार्यक्रममा गत वर्ष एसइई उत्तीर्ण गर्ने १७ तथा कक्षा १२ उत्तीर्ण गर्ने आठ जनालाई सम्मान तथा पुरस्कृतसमेत गरिएको थियो ।

# तीन वर्ष बित्दासमेत स्वास्थ्य चौकी भवन अधुरै



**गलकोट (बागलुङ)**– एक वर्षभित्र सक्नेगरी निर्माण थालिएको नारायणस्थान स्वास्थ्य चौकीको भवन तीन वर्ष बित्दासमेत सम्पन्न हुन सकेको छैन ।

साँघुरो भवनबाट सेवा प्रवाह गर्दै आएको बागलुङ नगरपालिका-१४ स्थित नारायणस्थान स्वास्थ्य चौकीको भवन कहिले सम्पन्न हुन्छ भन्ने अझै टुंगो लाग्न सकेको छैन । निर्माण व्यवसायीको लापरवाही र ढिलासुस्तीका कारण तीन वर्ष बित्दासमेत भवन निर्माण अधुरै छ । अहिले उक्त भवन ढलान र पर्खालको काममात्रै सकिएको छ ।

संघीय सरकारको विशेष अनुदानमा निर्माण थालिएको भवन अझै सम्पन्न नभएको बागलुङ नगरपालिकाले जनाएको छ । २०७९ माघ ६ गते एक वर्षमा सक्नेगरी निर्माण थालेको भवन अझै सम्पन्न हुन नसकेको बागलुङ नगरपालिकाका इञ्जिनियर सोबिन घर्तीले जानकारी दिए । उनका अनुसार दुईपटक थपेको म्यादसमेत अहिले सकिएकाले भवन निर्माणमा अझै अन्योलता छाएको छ ।

'एक वर्षमा सकिने भवन तीन वर्षमा सकिएको छैन, दुई पटकसम्म थपेको म्यादसमेत कात्तिक मसान्तमा सकिएको छ, भवनमा प्लास्टरको काम अझै सकिएको छैन, तिहारयता कामदार भवनमा देखिएका छैनन्,' घर्तीले भने, 'भवन समयमा नबन्दा ठेक्का तोड्ने वा म्याद थप्ने विषयमा छलफल भइरहेको छ, नगरपालिकाले निर्माण व्यवसायीलाई धरौटी जफत गरेर भए पनि सम्पन्न गर्ने योजनामा छ ।'

भवन निर्माणका लागि दोस्रोपटक थप गरिएको म्यादसमेत कात्तिक मसान्तमा सकिएको छ । निर्माण व्यवसायी डिएनप्रसाद जेभीसँग एक करोड ८२ लाख रूपैयाँमा ठेक्का सम्झौता भएको थियो । निर्माण व्यवसायीले थोरै कामदार परिचालन गर्ने, सम्पर्कविहीन हुनेलगायतका कारण भवन समयमै बन्न नसकेको हो । नगरपालिकाकै नमूना स्वास्थ्य चौकीको रूपमा रहेको नारायणस्थान स्वास्थ्य चौकी अहिले साँघुरो भवनबाट सेवा प्रवाह भइरहेको स्वास्थ्य चौकीका प्रमुख ऋषिराम शर्माले जानकारी दिए । भवन सम्पन्न भए गुणस्तरीय सेवा प्रभाह गर्न सहज हुने उनको भनाइ छ ।

जनताले चन्दा उठाएर २१ लाख रूपैयाँ संकलन गरी स्वास्थ्य चौकीको नाममा जग्गा खरिद गरेर भवन निर्माणका लागि काम थाले पनि समयमा भवन नबन्दा सेवा प्रवाहमा समस्या भएको शर्माले बताए । *रासस*

# गाउँमा सडक नपुग्दा सास्ती

**ढोरपाटन (बागलुङ)**– जैमिनी नगरपालिका-८ सल्यानधारा गाउँमा अहिलेसम्म सडक पुगेको छैन । छिमेकी गाउँमा मोटरबाटो पुगेको वर्षौं भयो । तर यस गाउँका स्थानीय गाडी चढ्नका लागि अर्को गाउँमा पुग्नुपर्ने बाध्यता छ । नगरपालिकाले सडक पुऱ्याउन वर्षौंदेखि प्रयास गर्दै आएको छ । वडा नं ८ कै केवैखानी गाउँ र सल्यानधाराको बीचमा ठूलो भिर र चट्टानसहितको पहरा हुँदा सडकले जोडिन नसकेको हो ।

सल्यानधारालाई सडक सञ्जालमा जोड्न धुस, वाइनकुना र अर्को छिस्ती केवैखानी हुँदै सडकको निर्माण गरिँदैछ । केवैखानी हुँदै जोड्नका लागि अब करिब १०० मिटर बाँकी रहेको जैमिनी नगरपालिकाका उपप्रमुख हरिहर शर्माले जानकारी दिए । वाइनकुनाबाट अझै डेढ किलोमिटर सडक निर्माण गरेपछि मात्र सल्यानधारा गाउँमा मोटरबाटो पुग्ने उनको भनाइ छ ।

वाइनकुनाबाट जोड्न छोटो पर्ने भए पनि ठूलो भिर पहराका कारण अहिलेसम्म सडक पुऱ्याउन नसकेको उपप्रमुख शर्माले बताए । सल्यानधारालाई सडकले जोड्न हालसम्म दुई करोड रूपैयाँभन्दा बढी बजेट खर्च भइसकेको उनी बताउँछन् । निकै अप्ठ्यारो भूगोलका कारण अहिलेसम्म उक्त गाउँमा सडक नपुगेको उपप्रमुख शर्माको भनाइ छ । यस वर्ष पनि छ लाख रूपैयाँ बजेटले पहरा फोड्ने काम भइरहेको छ । बजेट व्यवस्थापन भए यसै वर्ष सल्यानधारामा सडक पुग्ने उनी बताउँछन् ।

'सल्यानधारामा सडक पुऱ्याउनका लागि हामीहरूले प्रयास गर्दै आएको धेरै भयो, तर अहिलेसम्म पुऱ्याउन सकिरहेका छैनौं, तर यस वर्ष जसरी पनि पुऱ्याउनुपर्छ भनेका छौं, गाउँ जोड्ने बीचमा ठूलो चट्टानसहितको भिर हुँदा त्यसलाई फुटाउन गाह्रो भएको हो,' उपप्रमुख शर्माले भने, 'यसपालि अलि कम बजेट थियो, यद्यपि काम राम्रै भयो, केही बजेट व्यवस्थापन गर्न सके यही आर्थिक वर्षभित्र सल्यानधारामा सडक पुऱ्याउन सकिन्थ्यो ।'

स्थानीय डोल्मा गाहामगरले सडकले गाउँ नजोडिँदा यात्रा र सामान ढुवानी गर्न समस्या भोग्नुपरेको बताइन् । छिमेकी गाउँमा घर अगाडि नै गाडी गुड्ने भए पनि सल्यानधारा नै यातायातको सुविधाबाट वञ्चित रहेको उनको भनाइ छ । अहिले पनि यस स्थानीयले बोकेरै नुन, तेल, चामललगायतका दैनिक उपभोग्य सामान लिने गरेको उनले सुनाइन् ।

अर्का स्थानीय तुलबहादुर श्रीसले अहिले गाडी चढ्नका लागि ४५ मिनेट टाढा रहेको केवैखानीमा गाउँमा पुग्नुपर्ने बताए । यहाँ करिब २५ परिवारको बसोबास छ । सबैभन्दा समस्या आकस्मिक सामान ढुवानीमा भएको उनको भनाइ छ । नगरपालिकाको सबै ठाउँतिर विकास हुँदै गए पनि आफूहरू आझेलमा परेको श्रीसले बताए । भौगोलिक विकटताका कारण पछाडि परेको भन्दै राज्यले यस्ता दुर्गम ठाउँलाई प्राथमिकतामा राखेर विकास गर्नुपर्ने उनी बताउँछन् । *रासस*


## मरिसस/साउदीमा रोजगार

कम्पनी : SINOHYDRO CORPORATION LIMITED — शेवा शुल्क: ७०,०००

पूर्व स्वीकृति मिति : २०८१/१०/०३ — पुन: विज्ञापन स्वीकृति मिति : २०८२/०८/१४ — LT. No. 317001 — चलानी नं. ६०२३१४३४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब MUR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Welder (Ironsmith) | 15 | 0 | 21690 | ६७,०८५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Suttering Carpenter | 15 | 0 | 21690 | ६७,०८५ | | | | | | | |
| 3. | Rebar Worker/bender | 20 | 0 | 21690 | ६७,०८५ | | | | | | | |
| 4. | Plumber | 20 | 0 | 21690 | ६७,०८५ | | | | | | | |
| 5. | Plaster Worker (Mason) | 11 | 0 | 21690 | ६७,०८५ | | | | | | | |
| 6. | Painter (Building/wall) | 20 | 0 | 21690 | ६७,०८५ | | | | | | | |
| 7. | Masion | 19 | 0 | 21690 | ६७,०८५ | | | | | | | |

कम्पनी : AL-HOUSSAIN & AL-AFALIQ CO. — शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८२/०५/१३ — पुन: विज्ञापन स्वीकृति मिति : २०८२/०८/१४ — LT. No. 330246 — चलानी नं. ६०२४४००३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Duty Driver (Truck Mixer) | 1 | 0 | 1800 | ६८,४७० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Forklift Driver/operator | 1 | 0 | 1500 | ५७,०५५ | | | | | | | |
| 3. | Factory Production Workers | 1 | 0 | 1000 | ३८,०४० | | | | | | | |
| 4. | Cleaner General | 1 | 0 | 1000 | ३८,०४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर २२ गते (8th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CIS License No. : 646/063/064

**Career International Services (P.) Ltd.**

धुम्बाराही, पिपलबोट, काठमाडौं, फोन : ४००९६४१, ४००९६४३, Email : info@career-intl.com, Website : www.career-intl.com


# नेवारी कला, संस्कृति जोगाउन यःमरी महोत्सव



**तानसेन (पाल्पा)**– तानसेनस्थित टक्सारटोलमा यःमरी महोत्सव मनाइएको छ । तानसेन नगरपालिका र वडा कार्यालयको सहयोगमा मैत्री क्लब टक्सारले नेवारी कला, संस्कृति जोगाउन एकदिने महोत्सव आयोजना गरेको हो । पछिल्लो समय स्थानीय परिकार, वेशभूषा कला, संस्कृति, परम्परा, संस्कार हराउँदै गएको अवस्थामा पहिचान जोगाउँदै इतिहासबारे युवापुस्तामा जानकारी गराउन महोत्सव गरिएको क्लबले जनाएको छ । नेवारी परम्पराअनुसार मंसिर पूर्णिमाका दिन नयाँ धान भित्र्याएपछि घरभित्र धानको भकारी बनाउने, धानको भकारीलाई विधिवतरूपमा गशेण, शिवलगायत भगवान्को स्वरूप बनाएर पूजाआजा गर्ने र नयाँ धानको यःमरी बनाएर खाने र खुवाउने चलन रहेकाले नेवारी कला, संस्कृति बचाउन महोत्सवको आयोजना गरिएको क्लबका पूर्वअध्यक्ष बेशान्तर शाक्यले बताए ।

यःमरी नेवारी समुदायले मात्र बनाउने र बढी मात्रा खाने प्रचलन छ । 'य' भनेको नेवारी भाषामा मनपर्ने मरी भनेको रोटी अर्थात् मनपर्ने रोटीका रूपमा नेवारी समुदायमा लिने गरिन्छ । यःमरी चाकु, गुँड, खुवा र तिललाई चामलको पीठोभित्र राखेर पकाइन्छ र तातो खाने गरिन्छ । महोत्सवमा २५ कक्ष रहेका थिए । जहाँ दर्शकले स्वादअनुसारका विभिन्न परिकारको उपभोग गरेका थिए । *रासस*


## Chainpur Municipality
## Office of The Municipal Executive
**Chainpur, Sankhuwashava**

**Invitation for Sealed Quotation**

**Date of publication: 2082/08/15 (1st Dec 2025)**

1. The Chainpur Municipality invites sealed quotations from registered Suppliers for the Procurement of Ayurvedic Medicine for Ayurvedic Ausadhaalaya, Chainpur Municipality, Sankhuwasabha., Chainpur Hospital, Chainpur-6, Sankhuwasabha, under Sealed Quotation procedures.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents may visit PPMO egp system www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

## Bakaiya Rural Muncipality
## Office of Rural Municipal Executive
**Hattisunde, Makawanpur**
**Bagmati Province, Nepal**

**Invitation for Electronic Bids**

**Date of publication: December 01, 2025 (2082 Mangshir 15)**

Bakaiya Rural Muncipality, Hattisude, Makwanpur invites electronic bids from eligible bidders for below mentioned Construction Works under NCB bidding procedures as specified in Public Procurement Act and Regulations.

| Contract ID No. | Name of Works | Estimated Amount NRs.(with VAT) | Bid Security NRs. | Bid Doc Cost NRs. |
|---|---|---|---|---|
| BRM/NCBW/ 05//082-083 | CONSTRUCTION AND MAINTENANCE OF KUDULE IRRIGATION PROJECT, BAKAIYA-9 | Rs. 24,23,059.47 | 55,000.00 | 3000.00 |
| BRM/NCBW/ 06//082-083 | UPGRADING OF THINGAN TAMECHAUR AND JITPUR KOLKHOP SADAK, BAKAIYA-12 | Rs. 29,05,758.07 | 65,000.00 | 3000.00 |

**Note:** Site visit is strongly advised to bidder before submission of bid.

Other information shall be collected from our PPMO'se-GP system: www.bolpatra.gov.np/egp Or Bakaiya Rural Muncipality, Office of Rural Muncipal Executive, Hattisunde Makwanpur.

**Chief Administrative Officer**

# प्रभाव दैनिक


रूपशाला

## सौगातको 'होनी रेशम'मा आयुब र सृजनाको अभिनय

गायक तथा संगीतकार सौगात जंग थापाको नयाँ गीत 'होनी रेशम' सार्वजनिक भएको छ। पुष्प सुनुवारको शब्द रहेको गीत गायनमा थापालाई गायिका मेलिना राईल स्वरमा साथ दिएकी छन्। रोमान्टिक शैलीमा तयार गीतमा युवायुवतीको माया प्रेमका कुरा समेटिएका छन्। गीतको आकर्षक भिडियो पनि तयार गरिएको छ। जसमा आयुब केसी र सृजना सिंह ठकुरीले अभिनय गरेकी छन्। भिडियोमा सुरेश पाण्डेको कोरियोग्राफी, सुमन कार्कीको छायांकन र युवराज खत्रीको सम्पादन छ। भिडियोको निर्देशक युवराज खत्रीले गरेका हुन्।





# 'अभिमन्यु' हिन्दी भाषामा पनि रिलिज हुने

■ प्रभाव संवाददाता

**काठमाडौं–** 'अभिमन्यु : च्याप्टर-१' यही मङ्सिर १८ गतेबाट सार्वजनिक प्रदर्शनमा आउन लागेको फिल्म हो। फिल्म नेपालीको अलावा हिन्दी भाषामा पनि रिलिज हुने भएको छ। सबै प्रकारको दर्शकलाई मध्यनजर गर्दै फिल्म हिन्दी र नेपाली दुई भाषामा रिलिज गर्न लागेको निर्माता विनोद पौडेलले बताए।

फिल्म मार्फत अभिनेता कामेश्वर चौरसिया पहिलो पटक मुख्य भूमिकामा देखिँदै छन्। थिएटर र चलचित्रमा दुई दशक बढी समय बिताएका उनी राम्रो कलाकारको रूपमा गनिँदै आएका छन्। कामेश्वरको अलावा फिल्ममा लक्ष्मी बर्देवा, सरिता गिरी, किरण श्रेष्ठ, गौमाया गुरुङ, प्रकाश दाहाल, शिशिर वाङ्देल लगायतका फिल्ममा मुख्य भूमिका छ।

सफल फिल्म 'पूर्ण बहादुरको सारङ्गी'का निर्माता बिनोद पौडेलको निर्माण रहेको फिल्म सेभेन सिज सिनेमाको प्रस्तुति बनेको हो। सुशान्त गौतमको निर्देशन रहेको फिल्ममा मुकेश खनालको लेखन छ। फिल्म निर्माणमा पौडेललाई गुञ्जन गिरीले साथ दिएका छन्। विशाल लामा, हरि मोक्तान, कृष्ण भट्टराई, नीराजन लुइँटेल र सन्देश श्रेष्ठ कार्यकारी निर्माता रहेको फिल्मका लाइन प्रोड्युसरमा जीवन शाक्य हुन्। शरद महतोको डिओपी रहेको फिल्ममा मदन घिमिरेको सम्पादक छ। फिल्म भारत र विश्वव्यापी रूपमा प्रदर्शन गर्ने तयारी भइरहेको छ।



# 'रमिताको पिरती'को अफिसियल टिजर सार्वजनिक




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली चलचित्र रमिताको पिरतीको अफिसियल टिजर युट्युबमार्फत सार्वजनिक गरिएको छ। टिजरमा अभिनेत्री अन्ना शर्मा, धिरज मगर, समिर श्रेष्ठ र विनय श्रेष्ठको मुख्य भूमिका देख्न सकिन्छ।

लोकप्रिय गायक समिर श्रेष्ठले यसै फिल्मबाट आफ्नो अभिनय यात्रा सुरु गर्दै मुख्य भूमिकामा देखिएका छन्। टिजरमा अन्ना शर्मालाई प्रेम, रोमाञ्च, खुसी, दुःखदेखि हृदयवेदना सम्मका विभिन्न भावनात्मक अवस्थाहरूमा देखाइएको छ, जसले फिल्मले एउटा युवतीको गहिरो कथा बोकेको संकेत गर्छ। टिजर हेर्दा फिल्म केही फरक लाग्छ। एक युवतीको मनोविज्ञानलाई फिल्मले बोलेको देख्न सकिन्छ। सेरो फिल्मस्को प्रस्तुतिमा यो फिल्म तयार भएको हो।

यो फिल्म विशेष रूपमा एक महिला पात्रको कथा प्रस्तुत गर्छ, र झनै रोचक कुरा फिल्मलाई लेखन र निर्देशन महिला निर्देशक सुदीप्ताले गरेकी छन्। फिल्म आउँदो भ्यालेन्टाइन २०२६ अर्थात् माघ २३ मा सार्वजनिक हुँदैछ। फिल्मका निर्माता सागर लम्साल हुन्। फिल्मलाई एप्पल इन्टरटेन्मेन्ट, रिच इन्टरटेन्मेन्ट र एफडी कम्पनीले वितरण गर्नेछन्।

# ओलीको 'तिम्रा माताजीलाई नमस्ते'मा प्रियंका र आर्यनको अभिनय

**काठमाडौं (प्रस)–** 'माछीले खाने खोलीको लेउ', 'जता जता पिरतीको बाटो' 'ए है माया', 'माया गरौला' लगायतका सुपरहिट गीतका गायक सरोज ओली पुनः गायनमा फर्किएका छन्। उनी करिब ४ वर्षपछि गायनमा फर्किएका हुन्। उनको स्वर रहेको नयाँ गीत 'तिम्रा माताजी लाई नमस्ते' सार्वजनिक भएको छ। सरोज ओलीको शब्द र दीपक शर्माको संगीत रहेको गीतमा भारतीय गायिका भूमि त्रिदेवीले फिमेल आवाजमा साथ दिएकी छिन्।

किरण थापाको कोरियोग्राफी तथा निर्देशन रहेको गीतको भिडियोमा आर्यन सिग्देल, प्रियंका कार्की, कविता नेपाली, प्रेमा लाम्गादे र गायक ओलीको पनि अभिनय छ। ठुलो सेटमा डान्सिंङ बिटमा तयार पारिएको भिडियोले दर्शकको मन जित्ने देखिन्छ। पवन सुस्लिङ्गले गीतको भिडियोको छायाङ्कन तथा सम्पादन गरेका छन्।

## रंगशाला

**एनपिएल २०२५**

# काठमाडौं गोर्खाज् प्लेअफ नजिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** राजधानीमा जारी नेपाल प्रिमियर लिग (एनपिएल)-२ काठमाडौं गोर्खाज् प्लेअफ नजिक पुगेको छ। आइतबार कर्णाली याक्सविरुद्ध ५ विकेटको जित हात पार्दै काठमाडौं प्लेअफ नजिक पुगेको हो ,।

कर्णालीले दिएको १५० रनको लक्ष्य काठमाडौंले १८ ओभरमा पाँच विकेट गुमाउँदै पूरा गरेको हो। काठमाडौंका लागि नामिबियन जेरार्ड इरास्मस र इङ्लिस ब्याटर जोन सिम्पसनले चौथो विकेटका लागि ४६ रनको साझेदारी गरे। इरास्मस ३३ बलमा समान दुई चौका र छक्कासहित ४३ रनमा अविजित रहे।

सिम्पसनले २१ बलमा चार चौका र दुई छक्कासहित ४१ रनको पारी खेलेका थिए। त्यसअघि ओपनर बेन चाल्सवर्थले टोलीलाई आक्रामक सुरुआत दिलाएका थिए। उनले चाल्सवर्थले ३४ रन बनाए। त्यस्तै मिलिन्द कुमारले १५ रनको योगदान गरे। कर्णालीका लागि नन्दन यादवले सर्वाधिक तीन विकेट लिए। त्यस्तै पवन शराफको नाममा एक विकेट रह्यो।

आइतबार काठमान्डुले कर्णाली याक्सलाई ५ विकेटले पराजित गरेको हो। जितसँगै काठमान्डु ५ खेलबाट ६ अंक जोड्दै तालिकाको तेस्रो स्थानमा उक्लिएको छ। कर्णालीको भने यो चौथो हार हो। १५० रनको लक्ष्य पछ्याएको काठमान्डुले १८ ओभरमा ५ विकेट गुमाएर १५५ रन बनायो।

काठमान्डुका गेरहार्ड इरास्मसले अविजित ४३ रन बनाए। जोन सिम्पसनले ४१, वेन चाल्सवर्थले ३४ रनको योगदान गरे। कर्णालीका नन्दन यादवले ३ र पवन सराफले १ विकेट लिए। त्यसअघि त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला टस जितेर पहिला ब्याटिङ गरेको कर्णालीले निर्धारित २० ओभरमा ७ विकेटको क्षतिमा १४९ रन बनाएको थियो।

कर्णालीका गुल्सन झाले सर्वाधिक ४९ रन बनाए। पवन सराफले ३५ र मार्क वाटले ३० रन जोडेका थिए। काठमान्डुका राशिद खान सर्वाधिक दुई विकेट लिए। सोमबार एनपिएलका कुनै पनि खेल नहुने भएका छन्।


## कम्पनीको नाम परिर्वतन सम्बन्धी सूचना

**पहिलो पटक प्रकाशित मिति : २०८२/०८/१४ गते**

यस कम्पनीको मिति २०८२/०८/०५ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **न्यू सूर्य माउन्ट ईङ्गलिस बोर्डिङ स्कुल काभ्रे**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०८/०८ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **माउन्ट भ्यू ईङ्गलिस बोर्डिङ स्कुल काभ्रे (प्रा.लि.नं. २२८३९)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ।



## साउदी/युएइमा रोजगार

कम्पनी : ABDULLAH AL OTHAIMMARKETS COMPANY — शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८२/०८/१४ — LT. No. 334167 — चलानी नं. ६०२४७९९४

